## महासंघद्वारा रिहाइको माग

काठमाडौं । झूटो समाचार लेखेको आरोपमा पोस्टपाटी डटकमका सम्पादक गोपाल चन्दलाई मंगलबार पक्राउ गरिएको थियो । उक्त घटनाबारे पत्रकार महासंघले एक विज्ञप्ति जारी गरी पक्राउको विरोध गर्दै तत्काल रिहाइको माग गरेको छ । चन्दलाई विद्युतीय कारोबार ऐनअन्तर्गत कारबाही अघि बढाएको घटनाको विरोध गर्दै महासंघले बुधबार विज्ञप्ति जारी बाँकी ८ पेजमा

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित) साप्ताहिक

## ठूलो संख्यामा कर्मचारी सरुवा

काठमाडौं । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले १७ सहसचिव र १८९ कर्मचारीलाई सरुवा गरेको छ । प्रदेश र स्थानीय तहमा कर्मचारी अभाव भइरहेको गुनासो आइरहेका बेला सचिव र अधिकृतस्तरकै कर्मचारीको चाँडो सरुवा गरी प्रशासनलाई अस्तव्यस्त पार्ने गरेको सरकारलाई आरोप छ ।

सरुवा भएकाहरूमा प्रशासन र प्राविधिक दुवै समूहका कर्मचारी छन् । बाँकी ८ पेजमा

वर्ष ७ अंक ३१, २०७५ साल मंसिर १४ गते शुक्रबार, नेपाल संवत् ११३९ (Nov. 30, 2018) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

# नेपालमा क्रिश्चियनहरूको अन्तर्राष्ट्रिय परेड

काठमाडौं । संविधानको धारा ४ (१) ले नेपाललाई धर्मनिरपेक्ष राज्य भनेको छ । साथै सनातनदेखि चलिआएको धर्म संस्कृतिको संरक्षणलगायत धार्मिक सांस्कृतिक स्वतन्त्रता सम्झनुपर्छ भन्दै धर्मनिरपेक्षताको स्पष्टीकरण समेत दिइएको छ । संविधानको धारा २६ (३) ले 'कसैले कसैको धर्म परिवर्तन गराउने वा अर्काको धर्ममा खलल पार्ने काम वा व्यवहार गर्न गराउन हुँदैन र त्यस्तो कार्य दण्डनीय हुनेछ' भनिएको छ । धर्म परिवर्तन गराउने कार्य विदेशी नागरिक र विदेशमा दर्ता भई नेपालमा कार्यरत कुने पनि संस्थाले गर्न गराउन पाउँदैनन् । कुनै मुलुकका दुतावास वा राष्ट्रसंघ अन्तर्गतका संस्था र तिनमा कार्यरत कसैले पनि धर्म परिवर्तन गराउने अपराधिक कार्य प्रत्यक्ष वा परोक्ष रुपमा गर्न पाउँदैनन् । तर आश्चर्य अन्तर्राष्ट्रिय स्तरमै धर्म परिवर्तन गराउन सक्रिय क्रिश्चियन धार्मिक संस्था युनिभर्सल पिस फेडरेसनको एसिया प्यासिफिक समिट आजबाट संघीय राजधानी काठमाडौंमा सुरु हुँदैछ । यसको सम्पूर्ण तयारी केपी ओली नेतृत्वको कथित कम्युनिस्ट सरकारले गरेको छ ।

युपीएफ एक गैर सरकारी संस्था हो । विश्वमा शान्ति स्थापनाका लागि काम गर्ने भन्दै सन् २००५ मा कोरियन क्रिश्चियन धार्मिक नेता सन म्युङ मुनले यसको गठन गरेका हुन् । विश्वमा शान्तिका लागि काम गर्ने संस्था संयुक्त राष्ट्र संघ हुँदाहुँदै युपीएफ यही उद्देश्यका लागि स्थापना गरिनुको कुनै तुक छैन । आइएनजीओको यो अन्तर्राष्ट्रिय सम्मेलनको नेपाल सरकार सहआयोजक बनेको थियो । तर प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले सरकार कसले चलाइरहेको छ ? भन्दै यसको विरोध गरेपछि सरकारले आफ्नो वेबसाइटबाट 'नेपाल सरकारद्वारा आयोजित वाक्यांश हटाएर 'नेपाल सरकारबाट समर्थित' भनेर लेखेको छ । एउटा आइएनजीओको सम्मेलनको सरकार आयोजक हुनु अनि विवादमा तानिएपछि आयोजकबाट पछि हट्नुले सरकार कहाँबाट निर्देशित छ भन्ने प्रस्ट हुन्छ । सरकारले नै आम नागरिकलाई ढाँट्दै एसिया प्यासिफिकको १८ औं समिटको सम्पूर्ण बन्दोबस्त मिलाएको छ । सम्मेलनमा सहभागी हुन आउने विशिष्ट पाहुनाको सुरक्षा व्यवस्था मिलाउन रक्षामन्त्री ईश्वर



पोखरेलको संयोजकत्वमा गृहमन्त्री रामबहादुर थापा बादललाई सरकारले जिम्मेवारी दिएको छ । सुरक्षाका लागि नेपाली सेना, सशस्त्र प्रहरी, जनपद र सतर्कता केन्द्र चारवटै सुरक्षा निकायको परिचालन सरकारले गरेको छ ।

बहालवाला राष्ट्रपतिहरु र सरकार प्रमुखहरु सम्मेलनमा सहभागी भएका छन् । उनीहरुलाई आमन्त्रण नेपाल सरकारले नै गरेको हो । एक सय एक जनाको आमन्त्रण समितिका अध्यक्षमा पूर्व प्रधानमन्त्री माधव नेपाल रहेका छन् । युपीएफका अन्तर्राष्ट्रिय अध्यक्ष डा.थोमस वाल्स हुन् भने नेपाल च्याप्टरका अध्यक्ष पूर्व परिवार दलका अध्यक्ष एकनाथ ढकाल हुन् । ढकाल अहिले (नेकपा) का केन्द्रीय सदस्य छन् । विगतमा युपीएफकै खर्चमा ढकाल समानुपातिकको जस्केलाबाट सभासद भएर मन्त्री समेत भएका थिए । ढकालले राजनीतिकका दल नेताहरु लगायत पत्रकारहरु समेतलाई कोरिया भ्रमण गराएर प्रभावमा लिने गरेका छन् । हेलिकप्टर भाडामा लिएर ढकाल परिवार दलको चुनावी प्रचारमा देश दौडाहा गर्थे, खर्चको चाँजो युपीएफले नै मिलाउने गर्थ्यो । हिन्दु धर्म त्यागेर क्रिश्चियन धर्म लिनेहरुलाई यस संस्थाले आर्थिक सहायता गर्ने गरेको बताइन्छ ।

धर्मनिरपेक्ष नेपालमा सरकारले किन क्रिश्चियनहरुको अन्तर्राष्ट्रिय सम्मेलन गराइरहेको छ ? जबकि ९३ प्रतिशत नेपालीहरु ॐकार समूहमा आबद्ध छन् । क्रिश्चियनहरुले अन्तर्राष्ट्रिय सम्मेलन गर्न नेपाल नै किन रोजे ? किनकि यहाँको सरकार र राजनीतिक दलका नेताहरुलाई यस सम्मेलनले नेपालको पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने भनिँदैछ तर कम्बोडियाका प्रधानमन्त्री हुनसेन र म्यानमारकी विदेशमन्त्री आङसाङ सुकी अफ्रिकी टापु राष्ट्रहरु नाउरु, टुभालु, सामवाका राष्ट्रपतिहरु यहाँ आउँदा नेपाल अन्तर्राष्ट्रिय तहमा कसरी परिचित हुन्छ ? अनि नेपालको समृद्धिमा यस्ता देशहरुको योगदान कस्तो रहन्छ बुझ्न सकिने कुरा हो ।

क्रिश्चियनहरुको स्वागत र सुरक्षाका लागि भन्दै सरकारले सर्वसाधारण जनतालाई सास्ती दिन सुरु गरेको छ । आइतबारसम्म उपत्यकामा चल्ने सवारी साधनमा जोर बिजोर प्रणाली लागू गरेको छ । विशिष्ट विदेशी पाहुनाको सत्कार सम्मान गरिनु एउटा कुरा हो, हिन्दु धर्मले अतिथि देवो भव : मान्छ । तर त्यसका लागि आम नागरिकको दैनिक जीवन नै प्रभावित हुने गरी आधा सवारी साधन बन्द गर्नु आपत्तिजनक छ । एसिया प्यासिफिक समिटका नाममा नेपालमा क्रिश्चियनहरुले सरकारको सहयोगमा खुल्लम खुला परेड खेल्न सुरु गरेका छन् ।

नेपाली राष्ट्रियता संस्कार संस्कृतिको नाश गर्न युनिभर्सल पिस फाउन्डेसनले काठमाडौंमा १५ सयको अन्तर्राष्ट्रिय क्रिश्चियन जमातको भेला गराइरहेको छ । नेपाल माउन्ट एभरेस्ट, बुद्धको जन्मस्थल र हिन्दू राष्ट्रको रुपमा विश्वमा परिचित थियो तर भ्याटिकन सिटी, क्रिश्चिनरी बाँकी ८ पेजमा

## बन्दनाले तोडिन विश्व रेकर्ड



काठमाडौं । विभिन्न अनौठा अनौठा र प्रतिभाशाली काम गरेर विश्व रेकर्ड कायम गराउने होडबाजी चलिरहेका बेला नेपाली चेली बन्दना नेपालले लगातार १२६ घण्टा नाचेर विश्व रेकर्ड कायम गरेकी छन् । बन्दनाले यसअघिको १२३ घण्टा १५ मिनेटको रेकर्डलाई तोड्दै आफ्नो नाममा विश्व रेकर्ड बनाएकी हुन् ।

गिनिज बुक अफ वर्ल्ड रेकर्डअनुसार अहिलेसम्म सबैभन्दा लामो समय नृत्यको रेकर्ड केरला, भारतकी कलामण्डलम हेमलथाको नाममा थियो । उनले सन् २०१६ मा लगातार १२३ घण्टा १५ मिनेट शास्त्रीय नृत्य गरेर गिनिज बुक अफ वर्ल्डमा आफ्नो नाम लेखाएकी थिइन् । बन्दनाले बुधबार मध्याह्न १२ बजेर १६ मिनेट जाँदा हेमलथाको वर्ल्ड रेकर्ड तोडेकी हुन् । वर्ल्ड रेकर्ड बनाउने सिलसिलामा उनले शुक्रबार बिहान ९ बजेबाट नृत्य थालेकी थिइन् ।

बन्दनाले हेमलथाको रेकर्ड तोड्दै १२६ घण्टा लगातार नाचेर नयाँ रेकर्डका लागि गिनिज बुक अफ वर्ल्ड रेकर्डसँग अनुमति लिएकी बाँकी ८ पेजमा

## कामचोरलाई कडा चेतावनी

काठमाडौं । कर्मचारीतन्त्रको ढिलासुस्तीलाई लिएर उखानै बनाइएको छ- 'राजाको काम कहिले जाला घाम' अर्थात् दिन बिताएर तलब मात्र पचाउने चलन अहिलेदेखि होइन पहिलेदेखि नै चल्दै आएको छ । भानुभक्त आचार्यले डिठ्ठा विचारीले हैरान खेलाएपछि कविता नै लेखेका थिए- 'बिन्ती डिठ्ठा विचारीसँग कति गरौं...भोलि भोलि भन्दै सब दिन बिति गो बक्सियोस् आज झोलि....भन्ने । अहिले पनि काम अड्काउने र घूस पड्काउने काममा कर्मचारी उत्तिकै सक्रिय बन्दै आएका छन् ।

विभिन्न बहानामा फाइल पन्साउने, निर्णयमा ढिलाइ गर्ने काम बढिरहेको सन्दर्भमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को बाँकी ८ पेजमा

## बढ्दो व्यापारघाटा, जोखिममा अर्थतन्त्र

काठमाडौं । आ.व.२०७५।७६ को बजेट हाराहारीमा वार्षिक रुपमा नेपालको वस्तु आयात हुने गरेको छ । सरकारले आ.व.२०७५।७६ का लागि १३ खर्ब १५ अर्ब रुपैयाँ बराबरको बजेट सार्वजनिक गरेको थियो । बजेटकै हाराहारीमा आ.व.२०७४।७५ मा १२ खर्ब ४३ अर्ब २९ करोड रुपैयाँ बराबरको सामान आयात भएको थियो । यस वर्षमा निर्यात भने ८१ अर्ब १९ करोड १६ लाख ५२ हजार रुपैयाँ मात्र भएको थियो ।

२०७३।७४ को तुलनामा २०७४।७५ मा २७.५३ प्रतिशतले व्यापार घाटा बढेर १९ खर्ब ६२ अर्ब १० करोड रुपैयाँ पुगेको छ । कुल वैदेशिक व्यापारमा आयात निर्यात अनुपात ९३.९:६.१ रहेको देखिन्छ । आ.व.०७३।७४ मा व्यापारघाटा ९ खर्ब ११ अर्ब २६ करोड ६७ लाख ४ हजार रुपैयाँ रहेको थियो ।

आ.व.२०७३।७४ मा व्यापारघाटा २ खर्ब ५१ अर्बले वृद्धि भएको थियो । आ.व.२०७३।७४ मा ९ खर्ब ८४ अर्ब ३० करोड २९ लाख ४८ हजार रुपैयाँ बराबरका सामान आयात भएको थियो । १ सय ४० देशसँग व्यापार गर्ने नेपालको छिमेकी देश भारतसँग दुईतिहाई जति व्यापार हुने गर्छ । आयातको तुलनामा निर्यात अत्यन्त न्यून हुँदा देशको व्यापारघाटा नाजुक स्थितिमा रहँदै आएको छ ।

वार्षिक रुपमा १ खर्ब ९० अर्ब ८५ करोड रुपैयाँ बराबरका इन्धन पदार्थ आयात भएको छ । यस्तै १ खर्ब २५ अर्ब ८८ करोड रुपैयाँका आइरन र स्टिल आयात भएको छ । करिब सवा खर्बका मेसिनरी सामान करिब ९० अर्बका सवारी साधन र करिब ८० अर्बका विद्युतीय सामान वार्षिक रुपमा आयात हुने गरेको छ ।

खुला अर्थतन्त्र अपनाएपश्चात देशको निर्यात व्यापार वृद्धि हुने, व्यापारिक प्रतिस्पर्धात्मक क्षमता विकास हुने, वैदेशिक लगानी आकर्षित हुने, औद्योगिक विकास तीव्र भई आर्थिक क्रियाकलापमा वृद्धि हुने आशा गरिएको थियो । साथै विश्व व्यापार संगठन, विमस्टेक, साफ्टा लगायतका अन्तर्राष्ट्रिय एवं क्षेत्रीय संघसंस्थामा भएको संलग्नतासँगै नेपालको विश्व व्यापार बढ्ने अपेक्षा गरिएको थियो । तर नुनदेखि सुनसम्म सबै आयात गर्नुपर्ने अवस्था आयो । निजीकरण अवधारणा नजान्दा देशको अर्थतन्त्रमा आर्थिक वृद्धिदर हुन सकेन ।

निर्यात व्यापार विस्तार गरी व्यापारघाटा कम गर्ने विषयलाई उच्च प्राथमिकता दिँदै आए पनि निर्यात बढ्न सकेको छैन । वार्षिक ५ प्रतिशत जतिको निर्यात वृद्धि आयात ३० प्रतिशत जति र व्यापारघाटा २८ प्रतिशतको हाराहारीमा रहँदै आएको छ । बाँकी ८ पेजमा

## प्रतिष्ठानको नियमित बैठक





काठमाडौं । गत शनिबार मंसिर ८ गते नयाँ बानेश्वरस्थित अर्याल इन्टरनेशनल होटलमा सुरेन्द्र ढकाल प्रतिष्ठानको नियमित बैठक सम्पन्न भएको छ । प्रतिष्ठानका अध्यक्ष सुरेन्द्र ढकालले बैठकमा सबै पदाधिकारीलाई स्वागत गर्दै यसै आ.व.०७५।७६को पहिलो त्रैमासिक अवधिमा प्रतिष्ठानबाट सम्पन्न भएका आयोजनाहरुबारे बैठकलाई अवगत गराउनु भएको थियो ।

सम्पन्न आयोजनाहरुमा झापामा भएको सिलाई कटाइ तालिम, स्याङजामा भएको ढाका बुनाइ तालिम, दैवी विपत्तीमा परेका र असक्तहरुलाई आर्थिक सहयोग, बेरोजगार युवालाई रोजगारको लागि निर्ब्याजी ऋण, सामुदायिक विद्यालयको शिशुकक्षा स्तरीकरण तथा बाँकी ८ पेजमा

## कलेजमा बालअधिकार अभिमुखीकरण

काठमाडौं । ब्रिलियन्ट कलेजको आयोजनामा स्नातक तहमा अध्ययन गरिरहेका छात्राछात्रहरुलाई एक दिने बालअधिकार तथा प्रतिवेदन लेखन सम्बन्धमा अभिमुखीकरण कार्यक्रम गरिएको छ । सामाजिक अभियन्ता सुशील आचार्यद्वारा सहजीकरण गरिएको अभिमुखीकरणमा बालअधिकार सुनिश्चितका लागि वयस्कहरुको भूमिका के हुने तथा कार्यक्रमको प्रगति प्रतिवेदन तयार गर्दा ध्यान दिनुपर्ने विषयबारे पनि छलफल गरिएको थियो । कार्यक्रममा छात्रछात्राहरुको सक्रिय बाँकी ८ पेजमा

समय-सन्दर्भ

## अन्तर्राष्ट्रिय रेल सञ्जालमा जोडिएला नेपाल ?

— घनश्याम ओली —

मुलुकभित्रै रेलमार्ग निर्माणलाई तीव्रता दिन र बलियो कूटनीतिक पहल गर्न नसके ट्रान्स एसियन रेल्वे नेटवर्कको सदस्य भएर पनि अन्तर ाष्ट्रिय रेल सञ्जालमा जोडिनबाट नेपाल वञ्चित हुने देखिएको छ । युरोप, एसिया जोड्ने रेल सञ्जालमा गाँसिएर फाइदा लिन नेपालले पूर्व पश्चिम रेलमार्ग निर्माणलाई तीव्रता दिनुपर्ने हुन्छ । आन्तरिक रुपमा मात्रै रेल चलाएर उपलब्धि हासिल गर्न सहज नभएकाले गड्डाचौकी काँकडभिट्टा रेलमार्गलाई अन्तर्राष्ट्रिय स्तरको बनाएर अघि बढाउन रेल विभागले सुझाउँदै आएको छ ।



अन्तर्राष्ट्रिय रेल सञ्जालमा जोडिएपछि व्यापार सहज हुने भएकाले पनि त्यसभित्र पर्न नेपालले बलियो लबिङ गर्नुपर्ने कूटनीतिक अधिकारीहरु बताउँछन् । बंगलादेशबाट भारतले पानी ट्याँकी हुँदै काँकडभिट्टा जोड्ने र त्यहाँबाट पूर्व पश्चिम मार्ग हुँदै गड्डाचौकी निकाल्न सकिने अन्तर ाष्ट्रिय रेलमार्गलाई अहिले बंगलादेशबाट कोलकाता पुर्‍याउने अन्तर्राष्ट्रिय लबिङ भइरहेको अध्ययनरत अधिकारीहरुको दाबी छ । तर नेपालले आफ्नो हितअनुकूल कौशल देखाउन सके यो मार्गलाई नेपाल हुँदै पुनः भारत पुर्‍याउन सकिन्छ । नेपाल अन्तर्राष्ट्रिय सञ्जालमा जोडिए उत्तरको छिमेकी चीन र दक्षिणको छिमेकी भारत स्वतः त्यसमा जोडिन्छन् । नेपालले राम्रोसँग काम गरे सन् २०३० भित्र बनाइसक्ने लक्ष्य रहेको रेल सञ्जालमा गासिन सक्ने कूटनीतिज्ञहरुको भनाइ छ । १४ हजार ३ सय २० किलोमिटरको रेल लिंकमा बाँकी ८ पेजमा

## मदिरा व्यवस्थित गरिने

काठमाडौं । मुलुकभर मौलाइरहेको मदिरा कारोबारप्रति सरकार गम्भीर बनेको छ । मदिरा उत्पादन, बिक्री, सेवन र प्रचार प्रसारमा अंकुश लगाउने तयारी गृह मन्त्रालयले गरिरहेको छ । मदिराको अत्यधिक प्रयोगले शान्ति सुव्यवस्थामा अवरोध पुर्‍याएको, महिला हिंसा बढाएको र आर्थिक क्षति बढाइरहेकाले गृह मन्त्रालयले कार्यकारी आदेश जारी गर्ने तयारी गरेको हो ।

मदिरा कारोबार व्यवस्थित गर्न केही वर्षअघि मात्र प्रयास थालिए पनि त्यो प्रभावकारी हुन सकेको छैन । दैनिक उपभोग्य वस्तु बिक्री गर्ने पसलहरुमा समेत मदिरा बिक्री हुँदै आएकोमा मदिराको छुट्टै पसल राख्ने नियम आएपछि साजसज्जापूर्ण मदिरा पसल खोल्ने होडबाजी नै चलेको छ ।

अब सरकारले मदिरा किनबेच, उत्पादनमा नियमन गर्ने हिसाबले कार्यकारी बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

सम्पादन सहयोगी : गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

# गणतन्त्रका युवराजहरू निशाना बनेमा अब अनौठो नमान्दा हुन्छ



**सुरेन्द्र ढकाल**
**पोलिटब्युरो सदस्य**
**(नेकपा माले)**

कुरा २०३९ सालतिरको हो । त्यतिखेर दरबारियाहरुले नमिता सुमिता र नीरालाई बलात्कार गरी पोखरा सेती नदीमा फालिदिए जसमध्ये नीराको मात्रै लास फेला पऱ्यो । यो घटनाको दोषी कहिले पत्ता लागेन किनकी त्यहाँ दरबारियाहरु संलग्न थिए । पछि २०४५।४६ तिर तत्कालिन युवराज दीपेन्द्र इटन कलेजमा पढ्थे । एक दिन जाँड लागेको बेलामा आफू युवराज भएको कारण कुनै नेपाली केटीलाई सुताउन सक्छु भनेको कुरालाई बेलायतको सन् म्यागेजिनले फोटोसहित छापेको थियो । त्यसको फोटोकपि आमरुपमा बाँड्ने अभियान नै चलेको थियो त्यतिखेर । त्यो बेलादेखि नै मानिसहरुले अब नेपाली राजतन्त्र पतन हुन शुरु भयो भन्न थालेका थिए ।

यस घटनाले दरबारप्रति नेपाली जनताको घृणा झनै बढेर गयो । जब वीरेन्द्रको १९ जेठ २०५८ मा गरिएको हत्याको कारण वंश विनाश भयो यसको दोष युवराज दीपेन्द्रमाथि नै थोपरियो जस्को पुष्टि हुन अझै सकेको छैन । त्यसपछि राजा बनेका ज्ञानेन्द्रका छोरा तत्कालिन युवराज पारसको उद्दण्डता यसरी बढ्यो कि उनले दिनदहाडै प्रवीण गुरुङलाई किचेर मारिदिए । यसरी एकपछि अर्को गर्दै दरबारियाहरुले घटना घटाएको तर दोषीले कहिले पनि दण्ड नपाएको कारण नै कालान्तरमा नेपालको राजतन्त्रको अन्त्य हुन पुग्दा जनता मुकदर्शक भएर बसे ।

देशमा प्रजातन्त्र र गणतन्त्र आएपछि अब त विधिको शासन होला, कानुनभन्दा माथि कोही पनि हुँदैनन् होला भनेर जनताले सोचेका थिए । तर राजतन्त्र जाँदैमा सामन्तवादी संस्कार जाँदो रहेनछ, सामन्ती राजाभन्दा गणतान्त्रिक नयाँ राजा र उनका छोरा युवराजहरु झनै खतरा हुँदा रहेछन् भन्ने कुरा गणतान्त्रिक नेपालमा घटेका घटनाहरुले प्रमाणित भइरहेका छन् । प्रचण्डको छोरा प्रकाशले पारसलाई बिर्साउने कुकृत्य गर्दा अनि कानुनविपरीत सोझै बहुविवाह गर्दा समेत दण्डित हुनु परेन । निर्मला पन्तलाई बलात्कार गरी मार्ने यही गणतान्त्रिक युवराजहरु हुनु अनि सो भएकै कारण हत्यारा पत्ता लाग्नु कता हो कता त्यसको ठीक उल्टो हत्या र बलात्कारका प्रमाणहरु नष्ट गरिए । त्यस्ता प्रमाणहरु नष्ट गर्न राज्यसंयन्त्र नै लाग्नुले के इंगित गर्दछ भने नेपालको गणतन्त्र अब हत्याराहरुको हातमा गइसकेको छ ।

नेपाली गणतन्त्रका यी नयाँ राजा र तिनका युवराजहरुलाई गिड्ने कसले ? जब कानुनले देशमा काम गर्दैन तब जनता आतंकित हुन्छन, विद्रोह गर्छन् । त्यस्तो गर्दा जे पनि जायज हुने अवस्था सिर्जना हुन्छ । फ्रेञ्च गणतान्त्रिक राज्यक्रान्तिपछि त्यसै त्यहाँ आतंकको शासन (Reign of Terror) आएको थिएन । माओवादी पूर्व लडाकुहरु अब आफ्नै नेता विरुद्ध आत्मघाती हमला गर्छु भन्न थालेका छन् । विप्लव माओवादीका नेता प्रकाण्डले त निर्मला पन्तको हत्यारा आफूले चिनेको र उसलाई कारवाही गरेर छाडने उदघोष समेत सार्वजनिक सभामै गरिसकेका छन् । राम्रो काम गर भनेर सल्लाह दिन पनि अनसन नबसी नहुने स्थितिको विकास भएको छ गणतान्त्रिक नेपालमा । सरकार लिँढे र बहिरो बन्दै गएको अवस्थामा अब उसले बम अनि बन्दुकको पड्काइ मात्रै सुन्न सक्ने अवस्थामा आएको छ। यसले साँच्चै नयाँ विद्रोहलाई जन्म दिन चाहिरहेको छ । यस अवस्थामा गणतान्त्रिक युवराजहरु अब सार्वजनिक रुपमै गिडिए भने पनि अनौठो नमान्दा हुन्छ ।

## सम्पादकीय

# जलस्रोत संरक्षणमा ध्यान पुगोस्


पानी र जीवन एक अर्काका परिपूरक हुन् । पानीको अस्तित्व संकटमा पर्दा सिंगो चराचर संकटमा पर्छ । हाम्रा नदीनाला, तालतलैयाहरूको साइनो मानव सभ्यताको विकाससँग प्रत्यक्ष गाँसिएको छ । धार्मिक र सांस्कृतिक महत्व बोकेका नदीनाला, पोखरीहरू पौराणिक कालेदेखि नै पूजनीय बन्दै आएका छन् । साना, ठूला पानीका मुहानहरूमा नाग लगायत अन्य देवीदेवताको बासस्थान रहन्छ भनेर स्वच्छ सफा गरेर पूजा गर्ने गरेको समेत हामीले देखिरहेका छौं । आज मानवीय अतिक्रमणका कारण यिनै जीवनदायी र हाम्रा आस्थाका धरोहर मानिने पानीका स्रोतहरू मासिँदै नासिँदै सुक्दै र प्रदूषित बन्दै गइरहेका छन् ।

काठमाडौं उपत्यकामा बग्ने नदीहरू वाग्मती, विष्णुमती, मनोहरा, हनुमन्ते, धोवीखोला, कर्मनाशा लगायत प्रदूषित बनेका छन् । बढ्दो सहरीकरण र बस्ती विस्तारका क्रममा नदीले चर्चेका क्षेत्रसमेत अतिक्रमित बन्न पुगे भने नदीमा फालिने फोहोरमैला र सोझै मिसाइने ढलका कारण नदीको जीवन नै समाप्त भएर मृत नदीको रूपमा परिणत हुन पुगे । उपत्यकाभित्रका नदीनालामा भएको मानवीय अतिक्रमण र प्रदूषण नियन्त्रण गर्न वाग्मती नदी सफा बनाउने अभियान अहिले पनि चलिरहेको छ । पूर्व मुख्यसचिव तथा चीनका लागि नेपालका राजदूत लीलामणि पौडेलको सक्रियतामा भएको वाग्मती बचाउ अभियानले वाग्मतीको सफाइमा महत्वपूर्ण योगदान पुऱ्यायो । गुह्येश्वरीदेखि मुहानतर्फको भागमा केही माछा लगायतका जलचर देखिन थालेका खबरले नदीको जीवन पुनः फर्कने आशा जगाएको छ । वाग्मतीको सफाइमा केही प्रगति भए पनि यसका सहायक नदीहरूको हालतमा प्रगति हुन सकेको छैन । उपत्यकाका सबै नदीहरूलाई प्रदूषण मुक्त बनाएर पूर्ववत अवस्थामा फर्काउने विषयमा सम्बन्धित सबै पक्ष गम्भीर हुन जरूरी छ ।

यसैगरी अहिले त्रिशुली नदीको प्रदूषणबारे पनि विभिन्न सञ्चार माध्यमहरूमा समाचार आइरहेका छन् । नदी किनारमा सञ्चालित बालुवा, ढुंगाखानी र बालुवा प्रशोधन गर्ने कारखानाहरूले फैलाएको प्रदूषणका कारण त्रिशुली नदी हिउँद याममा पनि वर्षाको जस्तो धमिलो देखिएको छ । स्वच्छ पानीको जलयात्राका लागि प्रसिद्ध मानिएको त्रिशुली नदीमा अहिले पर्यटक शून्य भएको छ । धार्मिक र पर्यटकीय महत्वको त्रिशुली नदीकोृ प्रदूषण नियन्त्रण गरी पूर्ववत अवस्थामा नदीको बहाव कायम राख्न तत्काल कदम चाल्न आवश्यक छ । त्रिशुली जस्तै भोटेकोशी लगायतका नदीहरू पनि प्रदूषित बनिरहेका छन् । मुलुकभर सडक विस्तार गर्ने क्रममा नदी किनार पहिलो रोजाइमा पर्ने गरेका छन् । सडक विस्तारसँगै नदी किनारमा बस्ने बस्तीले नदीमा जथाभावी फोहोर फाल्ने गरेका कारण नदीहरू प्रदूषित बन्ने क्रम बढिरहेको छ ।

विश्वव्यापी रूपमा भएको तापक्रमको वृद्धिका कारण पानीका स्रोतहरू सुक्ने क्रम समेत बढिरहेको छ । पहाडी क्षेत्रको डाँडाको शिरमा रहेका पोखरी सुकेका कारण तल्लो भागमा रहेका बस्तीका धारा कुवा सुक्न थालेका छन् । पहिला हराभरा भएका बस्तीहरू पानीका कारण उजाड भएर पानीको खोजीमा सिंगो बस्ती बसाइँ सर्न बाध्य भएका खबरहरू पनि आउने गरेका छन् । विकास निर्माणका क्रममा गाउँघरमा जथाभावी बिनायोजना खनिएका ग्रामीण सडकहरूले समेत धारा, कुवा जस्ता पानीका स्रोत विनाश हुने गरेका छन् । सिंगो चराचरका लागि अपरिहार्य मानिएको पानीको स्रोत संरक्षण र नदीनालामा भएको प्रदूषण नियन्त्रणमा बेलैमा ध्यान नदिने हो भने भोलिका दिन अझ विकराल बन्दै जानेछन् । त्यसैले अब सरकार, सम्बन्धित निकाय र स्थानीय तहका जनप्रतिनिधिहरूले यसतर्फ बेलैमा ध्यान पुऱ्याउन आवश्यक छ ।

# के धर्म के अधर्म (२)



**जगदीश लामिछाने**
रौतहट, पौराई

धर्मको विशाल आध्यात्मिक क्षेत्रमा डुबुल्की मार्ने काम यो हरफकर्ताबाट गाह्रै छ । आफ्नै तत्काल कर्तव्य पनि धर्म नै हो । तपाईं हामीलाई शासन गर्ने राज्यसत्ता ठीक भएन भने आफ्नै तत्काल कर्तव्य पूरा गर्न पनि बाधा परेको पूर्व स्तम्भ लेखहरुमै पनि छन् ।

यो हिमवतखण्ड अघिदेखि धार्मिक आराध्य क्षेत्र नै रहेको छ । वर्तमान राज्यसत्ता कम्युनिज्म नै भए पनि ह्वाङहो क्षेत्रकै वासिन्दा चिनियाँले पनि नेपालको धार्मिकताको प्रशंसा नै गर्छन् र आफ्ना राजनीतिक सिमानाभित्रका कैलाश र मानसरोवरका दक्षिणी यात्रीहरुलाई पनि आत्मीयता प्रकट गरी यात्रा गराएकै छन् ।

सम्पूर्ण हिमालय क्षेत्र पवित्र नै छ । तिब्बती बौद्धगुरु मिलारेपाले कैलाशलाई बौद्ध तीर्थस्थल मानेकाले सम्पूर्ण चीनका तिब्बतियनहरुका आराध्य कैलाश मानसरोवरै हो । जैन धर्मका तीर्थंकर ऋषभदेवको जैन धर्मस्थल र शिखहरुको पुण्यस्थल पनि कैलाश नै हो । यस्तै आर्य (हिन्दु बौद्ध) आदि चार धर्मस्थल पुण्य क्षेत्र हो । कैलाश र ईशान शिवको प्रसिद्ध नाम पनि यही हो ।

योगी नरहरिनाथको संयोजकत्वमा श्री ५ वीरेन्द्रले विश्व हिन्दू महासंघ नेपालको बारा जिल्लामा उद्घाटन २०३५ सालमा गरेको सबैलाई थाहा छ । प्राचीन बुढानीलकण्ठको मूर्ति नै शिव विष्णु एकात्मक भएको र स्वस्थानी व्रतकथाको पृष्ठ २८७ को संस्कृत निम्न श्लोक अघि र अहिलेका सबै प्रकाशनमा संस्कृत भाषामै छ, यही नै छ ।

यौ तौ शंख कपाल भूषित धरौ...
हरिहरौ श्रीशैलजा बल्लभौ...

अहिले अर्थात् २०५२ पछि माओवादी विद्रोहताका नेपालको विश्व हिन्दू महासंघलाई भारतीय नेतृ सोनिया गान्धीको नाम लिएर निदाएको आरोप लागेको अझै ब्युँझेको देखिँदैन । ब्युँझेकै भए कम्तीमा पनि राष्ट्रिय आजीवन सदस्य मात्र पनि वर्ष डेढ वर्षमा आफ्नै खर्चमा बोलाइने थिए । बोलाइएका छैनन् र इसाई आदि धर्मद्रोहीले चलखेल गर्न पाएका छन् ।

राजनीति नेपालको मेरै हो भनी गुड्डी हाँक्ने अहिलेका प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले विदेशले उचाली नेपालमा भएको पछिल्लो नाकाबन्दीमा त बोलेनन् अहिले आफ्नै धर्मको विषयमा पनि एक मत छैनन् । यिनले ११० वर्षदेखि भारतभर छरिएर आफ्नै नेपालकै हितैषी गोर्खाली हितमा के बोल्लान् तिनको धर्म यही हो भनी सबैले प्रश्न गरेकै छन् । दार्जिलिङ र ज्युँदोजाग्दो नालापानीबासी गोरक्षाकै पक्षमा छन्, ती नेपालीहरु नै हुन् ।

यता श्री ५ महेन्द्र दियालो बंगलामा अन्तिम दिनतिर चितवनमा कराउँदै थिए- 'प्लीज मद्दत गर सत्ता सम्हाल पुष्पलालजी । तिमीहरु यस्तै गर्ने हो भने मैले खुट्टा पसारे भैगयो ।' यो कुरो सुन्ने सँगै बस्ने लमजुङ निवासी खगेन्द्रजंग गुरुङले २०७३-८-११ गते शनिबार आफ्नै भाषामा अन्नपूर्ण फुर्सदमा छापेकै छन् । अझै ज्यूँदै हुनुपर्छ । कम्युनिस्टैले पनि नेपालको हित नचिताउनेको गोटी भइदिँदा सबैले यी मै हुँ भन्ने वर्तमान नेताको धर्म यही हो ? भनी सोध्नैपर्ने भएको छ ।

हाम्रो देशमा जागिर खाएर दैनिक तलब पचाएर ठूलठूला कुर्सीमा बसिरहेका हाकिम हुँ भन्नेहरुले कुर्सीमै बसेर म त विधर्मी तिमीभन्दा बढी हुँ भन्दा माथिल्ला हाकिम मन्त्रीहरुले अर्को नेपालीलाई होच्याएको हेरिरहने सुनिरहने अहिले हाम्रै मन्त्रालयको स्थिति यही छ । सबैले देखेकै छन् भनेर विश्व हिन्दू महासंघ नेपाल र नेपाल संस्कृत विश्वविद्यालयहरुले हेरिरहन मिल्छ ? के यी दुईको धर्म यही हो, सोच्नैपर्ने भएको छ । प्रतिमहिना पेन्सन बुझ्ने उच्च पदस्थले दोहोरो भत्ता तलब लिएको त व्यथा अर्कै छ ।

यसैबेला के पनि देखियो भने विदेशीलाई नागरिकता दिन गाह्रो मान्ने सबैले अर्थात् श्री ५ वीरेन्द्र पूर्वराजा ज्ञानेन्द्रले समेत व्यापक अपमान खप्नु पऱ्यो । पहिलोको २०५८ जेठ १९ मा वंश नै विनाश भयो । दोस्रो जसोतसो देशमै छन् । पहिलाले पुरानै चीन विरोधी खम्पा नाइके गे वाङ्दी मारी खम्पा समस्या समाधान गरिदिने हैनन् र ? अनि त्यही गे वाङ्दी मारिएका दार्चुला लिपुलेखमा भारतसँग किन सन्धि गर्न पऱ्यो ? किन लिम्पियाधुरासम्म नेपालै हो भनिएन मित्र देश चीनबाट ? यी सबै कुरा विदेशी मित्र देश भारत र चीनको पनि धर्म यही हो ? किन २०१३ कै कोदारी राजमार्गबाट रेल ल्याउँ कि भनिँदैन ? सोध्नैपर्ने र सोच्नैपर्ने भएको छ ।

आफ्नै देश नेपालमा पनि भातृ संगठनहरुका नाममा कर्मचारीहरुको तलबजीवीहरुको किन दलहरु भागबन्डा लगाउँछन् ? वकिलहरुमा पनि यसै गरी भागबन्डा लगाएर न्यायाधीशहरुले भ्रष्टाचार मुद्दा रोकिरहेको वकिलहरुले बहस पन्छाइरहेको किन हेरिरहन्छन् नेपाली दलहरु ? किन विश्वविद्यालयहरु नेपालमै बेथितिसँग चलेको सरकारसँग मिले जसरी राजनीतिक दलहरु हेरिरहन्छन् ? र प्राध्यापकहरुकै लडाइँ गराइरहन्छन् ? यी सबै संगठन खारेज गरी उपयुक्त हितकारी व्यवस्था नगरी आफैं अरब अफगानिस्तान नेपालैमा गराउन पर्खिरहेको त होइनन् ? यो सबै नेपाली दलहरु र सरकारको पनि धर्म यही हो ? यत्ति न सोधी भएको छैन । यसैले त ९६ वर्षका बुढाको विलाप हेरी यी आँखा पशुपति क्षेत्र वरिपरि रसाइरहन छोडेनन् । इतिहास शिरोमणि पौत्रले राम्रो गर्दा नराम्रोमा परें । बाबुराम रचना विभिन्न भाषामा अनुवाद गराउँदा अपजस पाएँ भनी भर्खरै २।४ दिन अगाडि तिनै रुझेका आँखा त्यसै दिन पुनः रसाए । पशुपति क्षेत्र विकास कोषले वाग्मती फोहोर फेरि गराउँदै जान लाज मानेको छैन । विश्वरुप पूर्वबाट श्लेशमान्तक वन छिचोलेर के लाभ लिन सयौं मोटर जान दिइएको छ । यो सोच्ने कसले ? यी हेर्ने कसले के धर्म यही हो ? यो शीर्षकको प्रथम अंक २०७५ कात्तिक ३० मा यसैमा छापिएकै छ ।

## स्टालिन र माओको जीवनमा दृष्टि नपुगेका केही दूरगामी सवालहरू

**मनसुन**

# जोसेफ स्टालिन–२४

सोभियत रूसमा ख्रुस्चोवी संशोधनवादको उदय हुनु भनेको विश्वव्यापी रूपमै त्यसको प्रभाव पर्नु हो र स्वभावतः चीनमा पनि ।

रूसले सन् १९६४ मा युगोस्लोभियामा सैन्य हस्तक्षेपसँगै चीनको पश्चिमी क्षेत्रमा सीमा अतिक्रमण गऱ्यो । यसरी रूस सामाजिक साम्राज्यवादमा पतन भयो । चीनका महान् नेता माओ'रूसबाट गम्भीर शिक्षा लिनुपर्ने र बेलैमा ख्याल नगरेमा आफ्नो मुलुक पनि कुनै दिन रूसजस्तै पतन हुने' निश्चयमा पुगे । त्यसपछि उनको दृष्टिले पार्टी, सेना, सरकार र अन्य महत्त्वपूर्ण क्षेत्रहरूमा घुस्न सफल प्रतिक्रियावादी तत्त्वहरूलाई निकालेर सर्वहारावादी नेतृत्व स्थापित गराउनुपर्ने ठहर गऱ्यो ।

हजारौं वर्षदेखि चिनियाँ समाजमा व्याप्त रूढीबूढी, अन्धविश्वास र सामन्तवादी, पुँजीवादी कला–साहित्यबाट प्रभावित जनतालाई सर्वहारावादी वैज्ञानिक सांस्कृतिक चेतनाको आवश्यकता देख्नु माओको कुशल सांस्कृतिक चेत थियो । त्यसैले १९६६ देखि सुरू भएको सर्वहारावादी सांस्कृतिक क्रान्ति पूरा १० वर्षसम्म जारी रह्यो । यो क्रान्तिलाई सर्वहारावादी विश्व कम्युनिस्ट आन्दोलनको इतिहासमा तेस्रो महान् क्रान्ति मानिन्छ ।

सन् १९७६ लाई चीनमा 'दुःखको वर्ष' मानिन्छ । त्यो वर्ष चीनका महान् विभूति चु तेह, चाओ अन लाई र माओत्सेतुङहरूको लगातार निधन भयो । त्यसपछि कम्युनिस्ट पार्टीमा नेतृत्वको सवाललाई लिएर चर्को विवाद भयो ।घटना हेर्दा माओका उत्तराधिकारी ह्वाको फेङले च्याङ चिङ समूहलाई दमन गर्न तङ स्याओपिङ समूहको सहयोग लिए ।

ह्वा माओका उत्तराधिकारी भएकाले उनलाई तेङ सम्मान एवं मर्यादा राख्थे तर त्यो सम्मानभित्र दुईधारे छुरा भएको ह्वाले थाहै पाएनन्, शङ्कासम्म पनि गरेनन् ।

पार्टी, सेना र सरकारमा तेङको लगाम दह्रो भएपछि सन् १९७९ मा पार्टीको एघारौं अधिवेशन भयो ।उक्त अधिवेशनमा माओत्से तुङलाई 'सामन्ती चिन्तन भएको मूर्ख, दमनकारी, अत्याचारी, ...' शब्दहरू उल्लेख गर्दै'पार्टी इतिहासका सवालबारे केही कुरा' पारित हुँदा पो ह्वाले चाल पाए– संसार त पल्टिसकेछ भनेर । त्यतिखेर तेङ स्याओ पिङ सर्वोच्च शक्तिमा पुगिसकेका थिए ।

रूसका ख्रुस्चोव, ब्रेजनेभले मार्क्स, एङ्गेल्स र लेनिनको नाम जपेर त्यहाँका जनतालाई आँखामा छारो हालेझैँ तेङले पनि चीनमा 'मार्क्सवाद, लेनिनवाद र माओ विचारधारा पार्टीको निर्देशक सिद्धान्त हो' भनी प्रचार गऱ्यो । तर वास्तविकतामा चाहिँ उक्त सिद्धान्तले निर्मित चीनको सामाजिक ढाँचाको मूल जरो काट्यो ।

तेङको पालामा माओको अग्रिम भूमिकामा निर्माण भएका लाखौं कम्युनहरू भत्काउने र जमिनका टुक्राटुक्रा किसानहरूलाई वितरण गर्ने, मजदुरहरूलाई कलकारखानाहरू ठेक्कामा दिने, समाजमा व्यक्तिगत पुँजी पुनर्जन्म गराउने, क्रान्तिकारी कला–साहित्यलाई दमन गरी सामन्तवादी–पुँजीवादी कला–साहित्यलाई महत्त्व दिने, पुँजीवादी-साम्राज्यवादी मुलुकहरूलाई चीनभित्र कलकारखाना खोल्न दिने; अगिका जनसेवक नेताहरूलाई जेलनेल लगाउने तर जनविरोधीहरूलाई पद र तक्मा दिने,कम्युनिस्ट अन्तर्राष्ट्रवादलाई इन्कार्ने भयो । माओको नाम जप्ने र फोटो छाप्ने गरेर तेङले जनताको समर्थन त पाए तर राज्यको स्वरूपचाहिँ माओको सोचभन्दा ठीक उल्टो तुल्याए । यसरी चीनको शासकवर्गले धरतीमा साम्यवाद स्थापना गर्ने मार्ग परित्याग गऱ्यो ।

शताब्दीऔंदेखि चिनियाँ जनता सामन्तवाद र साम्राज्यवाद विरूद्ध लड्दै आएका हुन् । कम्युनिस्ट पार्टीको विजयका लागिपनि उनीहरू पूरा २८ वर्षसम्म लड्नुपरेको थियो । सो अन्तरालमा करोडौं वीरविराङ्गनाको बलिदान भयो । त्यसैले त त्यहाँ नौलो जनवाद स्थापना हुनसक्यो र समाजवादी समाजको निर्माण र विकास भयो । तर सन् १९७६ मा माओको शेषपछि पक्की भवनरूपी चिनियाँ समाजवाद भताभुङ्ग भयो । *(क्रमशः)*

# मैले देखेको बहत्तरौं विश्व सम्पदा:
# ओस्लोको भिजेलाण्ड मूर्ति पार्क

सुरेन्द्र ढकाल




ग्रेनाइटले बनाएको पार्कको मुख्य ढोका



मानव जीवनचक्र झल्किने पार्कभित्रको अर्को मूर्ति



पार्क पूरै यस्तो देखिन्छ



पार्कमा रहेको क्रोधी बच्चाको मूर्ति



जीवनचक्र झल्किने पार्कभित्रको स्तम्भ



पार्कभित्र रूखमा कुँदिएका मूर्तिहरू




पार्कको ढोकामा मैले किनेको कलात्मक पोस्ट कार्ड



पार्कमा रहेको तीन हजार मिटर लामो मानव जीवनको अप्ठ्याराहरू झल्किने घुमाउरो पथ

उपशालाको क्याथेड्रल अवलोकन गरिसक्दा दिनको ११:१५ भएको थियो । अरू त्यहाँ अवलोकन गर्ने धेरै महत्वपूर्ण स्थलहरू नभएको कारण म नर्बेको राजधानी ओस्लोतर्फ प्रस्थान गर्ने उद्देश्यले उपशाला रेलवे स्टेशनतर्फ लागें । त्यहाँ पुगी रेलवेको प्रस्थान तालिका हेर्दा १२:३० को ओस्लो जाने रेल रहेछ । त्यही लिएर म ओस्लोतर्फ प्रस्थान गरें । ओस्लो रेलवे स्टेशन आइपुग्दा दिनको ४:३५ भएको थियो । म सोझै रेलवे स्टेशनमा रहेको पर्यटन सूचना केन्द्र पुगी ओस्लोमा अवलोकन नगरी नहुने स्थल के छ भनेर सोध्दा मलाई भिजेलाण्ड पार्क जाने सल्लाह दिए र त्यसको साथै उनीहरूले मलाई भिजेलाण्ड पार्कको ब्रोसर र ओस्लोको शहरी नक्सा पनि निशुल्क दिए । जुलाइको ग्रिष्म महिना, लामो दिन ५ बजेको बेलामा पनि सूर्य टण्टलापुर नै थियो । नक्सा हेर्दै पैदलै म भिजेलाण्ड पार्क पुगे ।

**भिजेलाण्ड पार्क**

यो पार्क नर्वेकै पयर्टन आर्कषण केन्द्र रहेछ । यस पार्क भएका मूर्तिहरू एकै कलाकार गुस्ताभ भिजेलाण्डले बनाएका रहेछन । द ओस्लो वुक र ओस्लो गाइड ब्यूरोले पनि यस पार्कको ठूलो बयान गरेको रहेछ । यस पार्कमा गुस्ताभले बनाएको २०० वटा नांगा मूर्ति रहेछन् । ती मूर्तिहरू ढलोट, ग्रेनाइट र फलाम पगाली बनाइएको रहेछ । ८५० मिटर लामो यो पार्क ५ इकाइमा विभक्त गरिएको रहेछ । यहाँको आर्कषणका वस्तु भनेको पार्कको मुख्य द्वार, बच्चाहरूको खेल मैदानसहितको पुल, फोहरा र मानिसको जीवनचक्र सहितको स्तम्भ (मोनोलिथ प्लेटो) रहेछ । नर्वेको ज्यादै लोकप्रिय मूर्ति 'रिशाह बालक' लाई पुलको बीचमा अरू ५० वटा मूर्तिसँगै राखिएको रहेछ । यी सबै मूर्तिहरूको माध्यमबाट कलाकार गुस्ताभले महिला र पुरूषबीचको सम्बन्धलाई उजागर गर्न चाहेका रहेछन् । पार्कमा रहेको पानीको फोहरालाई २० वटा रूखसहित मानिसको जीवन चक्र वालापन, किशोरावस्था, वयस्क, बाबुआमा बनेको अवस्था (प्यारेन्टहुड) र वृद्धावस्था झल्कने गरी बनाइएको मूर्तिहरूले घेरेको रहेछ । त्यसपछिको अन्तिम रूखमा एक अस्थिपंजरको मूर्ति रहेछ जसलाई मृत्युको सूचकको रूपमा कलाकारले प्रस्तुत गरेका रहेछन् । पार्कको केन्द्रमा १८ मिटर अग्लो स्तम्भ मोनोलिथको वरिपरि ३६ मूर्तिहरू राखिएका रहेछन् । एउटै ग्रेनाइट पत्थरबाट बनाइएको यो मोनोलिथ स्तम्भमा १२१ अनुहारहरू कुँदिएका रहेछन् जस्लाई मानिसको अध्यात्म र दैविक शक्तिप्रतिको आशक्त भनेर वर्णन गरिएको रहेछ । यो ग्रेनाइटको स्तम्भमा यी अनुहारहरू कुँदन कलाकारलाई १४ वर्षको श्रम मेहनत लागेको रहेछ । कलाकार आफैंको अतिरिक्त गुस्ताभले अर्का तीन मूर्तिकारको सहयोग पनि लिएका रहेछ जस्ले उनको निर्देशनमा कुँदने काम गरेका रहेछन् ।

त्यसै गरी जीवनचक्र नामक मूर्तिहरूलाई ८५० मिटर लामो पार्कको अन्तमा सजाइएको रहेछ । जीवनयात्रा शिर्षक दिइएको यस भागमा चारवटा मानवका अनुहार तिनीहरूद्वारा घेरिएको अवस्थामा रहेको आनन्दमा रूमल्ली रहेको एउटा बच्चाको अनुहार कुँदिएको रहेछ । यहाँ भएका सबै मूर्ति र कुँदिएका अनुहारहरू गुस्ताभले ओस्लोको नगरपालिकालाई सन् १८६९ देखि १९४३ सम्म गरी विभिन्न समयमा उपहार दिएका रहेछन् । त्यसको बदलामा गुस्ताभलाई यो पार्क रहेको जग्गा ओस्लो नगरपालिकाले उनको कलाकारिताको सम्मान गर्दै निशुल्क उपलब्ध गराएको रहेछ । जग्गा प्राप्त गरेपछि गुस्ताभले आफ्ना कलाकारितालाई पार्कमा सजाउने कार्य सन् १९२० मा शुरू गरेका रहेछन् र सन् १९४३ मा उनको मृत्यु हुँदाको अवस्थामा पनि त्यो कार्य सम्पन्न हुन सकेको रहेनछ । तर सम्पन्न भएको अवस्थामा भने गुस्ताभले सोचेकै तरिकामा भएको रहेछ । पार्कको मुख्य आर्कषण जीवनचक्र शीर्षकको मूर्ति रहेको नांगोबच्चा गुस्ताभको आफ्नै बालापनको अवस्थाको रहेछ । १९२० देखि ३० सम्म बनाइएका यी मूर्तिहरू हेर्दा प्राचीन मूर्ति नभै भर्खरै बनाइएको जस्ता लाग्दा रहेछन् । पानीको फोहरा वरिपरिको १८०० वर्गमिटरमा फैलिएको स्थललाई सेता र काला ग्रेनाइटले छापेको रहेछ । यहाँ बनाइएको ३ हजार मिटर लामो घुमेको मार्ग ९बिदथचष्लतज० (पशुपति मन्दिरभित्रको चतुषष्ठी शिवलिंगमा जस्तो जेलिएको घुमाउरो बाटो) मार्फत कलाकार गुस्ताभले मानव जीवनको जटिलतालाई प्रस्तुत गर्न चाहेका रहेछन् । जहाँ धैर्य गर्दा जीवनको बाटो पहिल्याउन सकिन्छ भन्ने सन्देश दिइएको रहेछ । वर्षको १० लाखभन्दा बढी पर्यटकहरूले अवलोकन गर्ने यो पार्क घुमिसकेर बाहिर निस्कँदा पार्कको कलात्मक तस्विर भएको एउटा पोष्टकार्ड किने र रेलवे स्टेसनतिर फर्कने क्रममा बाटोमा नर्वेको राजाको दरबार, त्यहाँको नगरपालिका र शहरी म्युजियम भवनहरू बाहिरबाट अवलोकन गरें । यी सबै हेरेर फर्की रेलवे स्टेशन आइपुग्दा बेलुकाको नौ बजेको थियो । यद्यपि सूर्यास्त भएको थिएन । म राति ११ बजेको रेल लिएर ओस्लोबाट नर्वेको फियोर्ड रहेको प्रख्यात शहर स्टाभान्गरतर्फ लाग्ने क्रममा रेलको वर्थमा गएर सुतैं ।

Remember us for the Construction
of Private and Public Works
EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners
GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो बैदेशिक रोजगारक लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

Office Equipment Problems?
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003
E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact
https://www.facebook.com/crossweb.automation.3

लैङ्गिक हिंसा र दुर्व्यवहार : छैन हामीलाई स्वीकार
"Orange the World: Hear me to"
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# पेन्सनमाथि वृद्धभत्ता: नीतिगत लुट

**जैनेन्द्र जीवन**

'विदेशबाट पेन्सन प्राप्त गर्दै आएका व्यक्तिलाई वृद्धभत्ता नदिने निर्णय सरकारले उल्ट्याउँदा राज्यमाथि ३ अर्ब रुपियाँको व्ययभार'- यो थियो गत १ मंसिरको यसै दैनिकको प्रमुख समाचार।जुन विषयमाभोलिपल्टै सम्पादकीय पनि लेखिएको थियो। राजनीतिज्ञहरूले तात्कालिक लाभका लागि राष्ट्रलेपछि गएर धान्नै नसक्ने दायित्वहरू सिर्जना गर्दा जिम्मेवार मिडियाले विरोध, खबरदारी गर्नैपर्छ। समाचारअनुसार,सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को परिच्छेद-३ दफा ९ को उफदफा (२) ले (वैकल्पिक स्रोतबाट) पेन्सन पाउने व्यक्तिले वृद्धभत्ता नपाउने व्यवस्था गरेकामा 'हाललाई सो व्यवस्था कार्यान्वयन नगर्ने'निर्णय मन्त्रिपरिषद्ले गरेको रहेछ। असोज २१ मै गरेतापनि आलोचना हुने डरले अहिलेसम्म लुकाएर राखिएकोसो निर्णयबाट विदेशी सरकार र अन्तर्राष्ट्रिय नियोगहरूमा सेवा गरीपेन्सन पाइरहेकाएक लाखभन्दा बढीले अब यहाँको वृद्धभत्ता पनि पाउनेछन्। यसबाट राज्यमाथि अहिले ३ अर्बकोव्ययभार थपिएपनि यस्तो दोहोरो पेन्सन पाउनेको संख्या र त्यसबाट राज्यले बेहोर्नुपर्ने दायित्व दुवै भविष्यमा बढ्दै नै जानेछन्, घट्ने छैनन्। किनकि एक त नेपालीको औसत आयु पहिलेभन्दा बढ्दै गइरहेको छ जसबाट पेन्सन पाउने समयावधि लम्बिनेछ। अर्को, त्यसरी विदेशी सरकार र अन्तर्राष्ट्रिय नियोगको सेवामा जान चाहनेहरूको संख्या घट्नुसट्टा बढिरहेको छ। र, देशको अवस्थाका कारण धेरै लामो समय अझ बढी नै रहने निश्चित छ।

**भोटब्यांक राजनीति**

विदेशबाट पेन्सन पाउनेहरूमा भारतीय सेनाबाट सेवा निवृत्तहरूको संख्या सबभन्दा धेरै छ। उनीहरूलगायतबेलायती सेना वा सिङ्गापुर, ब्रुनाइ जस्ता देशका प्रहरी फोर्समा सेवा गरीअथवा अन्तर्राष्ट्रिय नियोगहरूमा काम गरी मासिक २० हजारदेखि १ लाख रुपियाँभन्दा बढीसम्मपेन्सन बुझ्नेलाई पनि सिद्धान्ततः केही पनि आम्दानी नहुने वृद्धवृद्धालाई दिइने भत्ता दिने निर्णय गर्नु, त्यो पनि उनीहरूले मागै नगरिकन,भोटब्यांक राजनीति हो। योसमाजवाद होइन, वर्तमान सरकारको अवसरवाद हो। यस्तो निर्णय हुँदावितरणमुखी, अनुत्पादक र पपुलिस्ट निर्णयनगर्ने भनिएका अर्थमन्त्रीयुवराज खतिवडाको भूमिका के रह्यो थाहा भएन।संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री लालबाबु पण्डितले भने'मन्त्री भएकाले मन्त्रिपरिषद्को निर्णय काट्न मिल्दैन तर पेन्सन खानेलाई वृद्ध भत्ता दिने व्यवस्था ठीक होइन' भनेछन्। यसलाई उनको लाचारी मान्ने कि साइकल चढेको फोटोको प्रचार गर्दै चारवटा सरकारी गाडी प्रयोग गर्ने पाखण्डकै अर्को कडी?पार्टीभित्रको 'वितरणवादी र पपुलिस्ट लबी'को दबाबमै किन नहोस्,यस्तो निर्णय गरेर प्रधानमन्त्री ओलीले भनेपार्टी हितका सामु देशहितलाई पूरै तिलाञ्जलि दिएका छन्।

मासिक २० हजारदेखि १ लाख रुपियाँभन्दा बढीसम्म पेन्सन बुझ्नेलाई पनि केही पनि आम्दानी नहुने वृद्धवृद्धालाई दिइने भत्ता दिने निर्णय गर्नु, त्यो पनि उनीहरूले मागै नगरिकन, भोटब्यांक राजनीति हो।

समाचार अनुसार विदेशी पेन्सन पाइरहेकाको वृद्धभत्ता रोक्का गर्ने सिलसिलामाराष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले ४५ हजार व्यक्ति पहिचान गरी तिनको नाम वृद्धभत्ता पाउने सूचीबाट काटिसकेको रहेछ। जसबाट (यो निर्णय नभएको भए) प्रतिव्यक्ति २४ हजारका दरले




वार्षिक १ अर्ब ८ करोड राष्ट्रको बचत हुन्थ्यो।१ लाखभन्दा बढी त्यस्ता व्यक्तिको नामसूचीबाट काटिने क्रममा रहेछ। जसबाट तनेपाली जनताले तिरेको कर रकमको ३ अर्बै जोगिने थियो बर्सेनि। हाल मुलुकमा विभिन्न शीर्षकका सामाजिक सुरक्षामा मासिक ४ सयदेखि ३ हजारसम्म भत्ता पाउनेको संख्या करिब २६ लाख छ। जसका लागि सरकारले चालु आर्थिक वर्षमा मात्र ४१ अर्ब १५ करोड रुपियाँ विनियोजन गरेको छ।पाउनेले थोरै पाएपनि भत्ता लिनेहरूलाखौँको संख्यामारहेकाले राज्यका लागि यो खर्चअहिले नै ठूलो बोझका रूपमा छ।यस्तोमा थोरै रकम हात पर्ने त्यो विशाल समूह जसमध्येका प्रायः धेरै निर्धन छन्, उनीहरूले पाउनेभत्ता वृद्धि गर्ने पो सरकारको नीति हुनुपर्थ्यो त। एकैपटक ५ हजार पुऱ्याउन नसके यो पटक ३ हजार पुऱ्याएर समय समयमा क्रमिक वृद्धि गर्दै लगेको भए हुन्थ्यो। तर त्यसो गर्ने क्षमता पनि राज्यसँग नभएरै त होला,पार्टीको घोषणापत्र र चुनावी सभाहरूमा आफैँले कबोल गरेको वृद्ध भत्ता ५ हजार पुऱ्याउँछु भन्ने वाचा सरकारले पुऱ्याउन नसकेको। यस्तोमा दिनै नपर्नेलाई खोजी खोजी वृद्ध भत्ता दिने समूहमा समेट्दै हिँड्ने हो? के यो राजनीतिक बेइमानी होइन?

अनावश्यकमात्र होइन, अनैतिक पनि

सेवानिवृत्त सरकारी कर्मचारीले तलबभत्ता पाउने सरकारी नियुक्ति पाएमा पेन्सन वा हालको तलबभत्ता दुईमध्ये एउटामात्र लिनुपर्छ, दोहोरोसुविधा लिनु हुन्नभनेर नागरिक समाज, मिडिया र सामाजिक सञ्जाल सबैतिर जोडदार आवाज उठ्ने गरेका छन्। सरकारको यो निर्णयले देशको माया गर्नेती प्रबुद्ध नागरिकको अपमान गरेको छ।एकाधै सही,त्यसरी दोहोरो सुविधा लिनु अनैतिक हो भनेर पेन्सन नलिने राष्ट्रसेवक पनिदेशमा थिए/छन्। सरकारको यस्तो निर्णयथाहा पाएपछि उनीहरू पनि आफ्नो इमानदारीमा पछुताउँदै होलान् ।

के देशमा ठूल्ठूला राजनीतिक परिवर्तन आएको, ल्याइएको यस्तै लुट, बेथिति निम्त्याउनलाई हो? सत्तासीन, सत्तावृत्तका र सत्ता निकटहरूका लागि महँगा गाडी, कार्यालय वा आलिसान भवनदेखि खुला चौर, विदेशमा औषधोपचार जस्ता विलासिताका लागि राज्यको ढुकुटी सिध्याउन, मास्नलाई हो? गरिबर पराश्रित समूहका लागि केही राहत होस् भनेरल्याइएको वृद्ध भत्ता हुने/खानेलाई पनि दिलाउनलाई हो?

वास्तवमा,आवश्यक नपरेकाहरूले समेत वृद्धभत्ता पाए भनेर त्यसलाई रोक्नकै लागिअघिल्लो सरकारले माथि उल्लिखित कार्यविधि तयार पारेको थियो। अर्थातगर्नैपर्ने तर अप्रिय यो निर्णयअघिल्लो सरकारले नै गरिसकेको थियो । त्यसलाई कार्यान्वयनमात्र गरे पुग्ने र आफूले अघि सरेर केही गरिरहन नपर्नेअवस्थामा पनि त्यसलाई उल्ट्याइ उल्ट्याइ भोटकै राजनीति गर्नेले पनि चुनावी वर्षका बेलामात्र गर्ने यस्तो घातक निर्णय भर्खर चुनाव जितेर आएको, अर्को ४वर्ष कसैले कुर्सी हल्लाउन नसक्ने भनिएको दुईतिहाइको बहुमतको सरकारले गर्नु कुटिल र देशघाती कार्य हो।यस्ता कार्यले देशलाई टाट उल्ट्याएर कालान्तरमा भेनेजुयला र जिम्बाब्वे जस्ता देशकै आर्थिक अवस्थामा पुऱ्याउन सक्नेछन्।

संवैधानिक दायित्व र राज्य सञ्चालनको न्यूनतम आवश्यकताका खर्चकै कारण पनि देश आगामी दिनहरूमा टाट उल्टन सक्ने सम्भावना छ। यस्तो अवस्था देख्दादेख्दै भोटका लागि वार्षिक ३ अर्बको नितान्त अनावश्यक दायित्व थप्नु सरासर बदमासी हो।

वृद्ध भत्ताचाहिँ२ हजारबाट नबढाउने तर त्यो २ हजार कनिका छरेजस्तो जताततै छर्ने सरकारको यो निर्णयको कार्यान्वयनबाटपेन्सन पाउने समूहभित्रै पनि धनी र गरिब वर्ग सिर्जना हुनेछ। उदाहरणका लागि, अहिले बेलायतको गोर्खा सैनिकमा काम गरी पकाएको मासिक ५० हजारको पेन्सन बुझिरहेको कुनै वृद्धले सरकारले दिने २ हजार भत्तासमेत थप्दा महिनामा अब ५२ हजार हात पार्छ। अर्कोतिर कुनै आयस्रोत नहुने एउटा दरिद्र वृद्धको हातमा भने २ हजारमात्र पर्छ। यी दुईबीचको आम्दानीको अन्तर हुन्छ-मासिक ५० हजार अर्थात वार्षिक ६ लाख रुपियाँ। यदि त्यस्तो ५० हजार पेन्सन पाउनेले वृद्धभत्ता नपाउने हुन्थ्यो भने माथि भनिएबमोजिम त्यसबाटहुने राष्ट्रिय बचत ३ अर्ब रुपियाँबाट १ हजार त थप गरी वृद्धभत्तालाई३ हजारमापु(याउन सकिन्थो होला । जुन अवस्थामा असमानताको अन्तर ४७हजारमा झर्ने थियो। अझ आफैँले वाचा गरेबमोजिम वृद्धभत्ता पाँचै हजार पुऱ्याउन सकेको भए त त्यो अन्तर मासिक ४५ हजारअर्थात वार्षिक ५ लाख ४० हजारमा झर्थ्यो । तर समाजवादउन्मुख संविधानअन्तर्गत सत्तासीन भएको र समाजवाद ल्याउने वाचा गरेको कम्युनिस्ट पार्टीको सरकारले असमानतामा केही भएपनि कमी गर्न सकिने स्थिति छँदाछँदै उल्टो वृद्धि गर्नेकाम गरेको छ ।

कुरा जुनसुकै वादको गरे पनि र कम्युनिस्ट पार्टीको सरकार भएपनि हामीले अवलम्बन गरेको अर्थप्रणाली भनेको संसारैभर प्रचलित पुँजीवादी प्रणाली नै हो। हो, पुँजीवादमा असमानता कम गर्न सकिँदैन तर बढाउने कामतकम्युनिस्टको सरकारले गर्न हुन्थेन नि।

**अपुग सामाजिक सुरक्षा र वृद्धभत्ता**

२०५२ सालमा वृद्धभत्ताको सुरुआत गर्ने श्रेय सत्तारुढ नेकपाको पूर्वघटक एमालेलाई नै जान्छ। उतिबेला यो रकम मासिक १ सय रुपियाँमात्र थियो। त्यसपछिका हरेक सरकार (चाहे त्यो नेकपा एमालेको होस्, चाहे नेपाली कांग्रेसको, चाहे अरु नै दलको) ले यो व्यवस्थालाई निरन्तरतामात्र दिएनन्, उनीहरूबीच अघिल्लो सरकारको भन्दा रकम र पाउने समूहको दायरा दुवै बढाउने होडबाजीसमेत चल्यो भोटका लागि। तर धेरै हदसम्म भोटब्यांककै लागि गरिएको भएतापनिवृद्धभत्ता आज हाम्रो सामाजिक आर्थिक जीवनको अभिन्न अङ्ग र आवश्यकता बनिसकेको छ। संविधानले परिकल्पना गरेको सामाजिक न्यायको अवधारणा, संविधानले गरेकोसामाजिकसुरक्षाको व्यवस्था, निर्धन वृद्धवृद्धालाई सन्तानउपर आश्रित रहन नपरोस् भन्ने समाजशास्त्र, पारिवारिक-सामाजिक संरचना र मूल्य/मान्यतामा आइरहेको परिवर्तनबाट वृद्धवृद्धा दुष्प्रभावित नरहून् भन्ने चाहना यी सबै कोणबाट देशमा वृद्धभत्तालाई निरन्तरता दिनैपर्नेमात्र होइन, समयानुकूल बढाउँदै लैजानुपर्ने स्थितिसमेत छ। सके त राज्यले वृद्धवृद्धाका लागि भरण पोषणसहितको सुविधासम्पन्न वृद्धाश्रम,स्तरीय स्वास्थ्यसेवा, स्वास्थ्य बिमा इत्यादि हरकुराको व्यवस्था गर्नुपर्ने हो। नसकेरै हो नगरेको। हो,तर यस्ता सुविधा हुन् कि वृद्धभत्ता, तिनलाई योगदानमा आधारित बनाउँदै लानु पनि उत्तिकै जरुरी छ। अन्यथा यसलाई धान्न सकिने छैन।तरन योगदानमा आधारित गर्न, न वृद्ध भत्ता वितरणमा भइरहेको चुहावट र दुरुपयोग नियन्त्रण गर्न कहिल्यै कुनैप्रयास गरियो, मरिसकेका मान्छेका नाममा समेत वृद्ध भत्ता भुक्तानी भइरहेकाकैयौं समाचार आइरहँदा पनि। अहिले वृद्धभत्ताको रकम २ हजार छ तर क्रयशक्तिको हिसाबले यो रकम २०५२ सालको सय रुपियाँ जति पनि छैन। यस्तोमाबढाउनैपर्ने कुराचाहिँवृद्धाश्रमको संख्या र स्तर थियो। त्यो गर्न, बढाउन नसके भत्ता रकम बढाउनुपर्थ्यो तर सरकारले बढाइदियो के त भन्दाभत्ता प्राप्त गर्ने समूहको दायरा ।

**कहाली लाग्ने आगामी दिन**

राजस्वबाट तलबभत्ता जस्ता चालु खर्चका लागि छुट्टयाएर बचत हुने जुन रकम हुन्छ, त्यो बर्सेनि झन् झन्खिइँदै गएको छ। जसबाट राज्यकोसाधारण खर्च धान्नै ऋण लिनुपर्ने स्थितिमा हामी अहिले नै पुगिसकेका छौँ। विकास खर्चका लागि त पूरापूर विदेशी सहायतामा निर्भर छँदै थियौँ। त्यसमाथि अहिले साधारण खर्च झनै बढ्ने संघीयतामा मुलुकप्रवेश गरेको छ।संघीय संरचना त्यसै पनि महँगो संरचना हो एकात्मक संरचनाको दाँजोमा। तर त्यसो भए तापनि संघीयताबाट पछाडि फर्कने, बिमुख हुने राजनीतिक र भूराजनीतिक अवस्था हाम्रो छैन। जसले गरेर आगामी दिनहरूमा राज्य सञ्चालनका लागि चाहिने स्रोत जुटाउन अत्यन्त कठिन हुने निश्चित छ। त्यसमाथि हाम्रो संविधानले माध्यमिक तहसम्मको निःशुल्क शिक्षादेखि निःशुल्क आधारभूत स्वास्थ्यसेवाको हक, बेरोजगार सहायता(भत्ता)को हकदेखि सामाजिक न्याय र सामाजिक सुरक्षाको हकसम्म हरेक कुरालाई राज्यमाथि व्ययभार हुने मौलिक हक मानेको छ । यस्ता संवैधानिक दायित्व र राज्य सञ्चालनको न्यूनतम आवश्यकताका खर्चकै कारण पनि देश आगामी दिनहरूमा टाट उल्टन सक्ने सम्भावना छ ।

*(अनलाइनबाट साभार)*

## कविता

### प्रश्नैप्रश्न प्रभुसँग

गाँस र बास, आश र नाश जीवन यत्ति हो ?
खानु र लाउनु, दिसा र पिसाब, जीवन यत्ति हो ?
लिनु र दिनु, सम्भोग गर्नु जीवन यत्ति हो ?
राग र द्वेष, हर्ष र शोक जीवन यत्ति हो ?
मर्नु र मार्नु मैमत्त हुनु जीवन यत्ति हो ?
काम र क्रोध, लोभ र मोह जीवन यत्ति हो ?
बाँच्नका लागि संघर्ष गर्नु जीवन यत्ति हो ?
हरि ॐ तत्सत

● वासुदेव ढकाल
(अज्ञानका गुरु)

# धादिङको त्रिपुरासुन्दरी मेला



धादिङ मंसिर ९ । धादिङ जिल्लाको त्रिपुरासुन्दरी धार्मिक, पर्यटन तथा साँस्कृतिक महत्व बोकेको त्रिपुरासुन्दरी मेला यस वर्ष मंसिर २३ र २४ गते हुन लागेको हो ।

ऐतिहासिक तथा पुरातात्विक महत्व बोकेको यस स्थानको बारेमा शिलालेखमा उल्लेख भए बमोजिम नेपाल एकीकरणको बेला पृथ्वीनारायण साहले यसै त्रिपुराभगवतीको आशिर्बाद पाएपछि मात्र नुवाकोट तथा काठमाडौंको बिजय सम्भव भएको कथन छ ।

यो जात्रा तीन दिन सम्म चल्छ हजारौ भक्तजनहरु जात्रामा सहभागि हुन्छन् तर एउटै महत्वपूर्ण कुरो देविको प्रतिक मुर्ति कसैले पनि हेर्न पाउदैनन् । वर्षेनी ५० हजार भन्दा बढी भक्तजनहरु सहभागि हुने उक्त मेलामा देविको मुर्ति हेर्न नपाईनुको कारण जान्न तल पढ्दै जानु होला ।

जात्राको जान्नै पर्ने विशेषता

१. धादिङको सल्यानकोटमा रहेकी त्रिपुरासुन्दरी भगवतीको उत्पतीको विभिन्न खालेको किंबदन्ती भेटिन्छ । श्रीस्वस्थानीमा उल्लेख भए अनुसार यज्ञकुण्डमा हामफालेकी सतिदेवीको मृत शरीर बोकेर भगवान शिवले पृथ्वीलोक भ्रमण गर्दा शतीदेवीको कण्ड्यौलो पतन भएको उल्लेख छ । नुवाकोट आक्रमणमा निस्केका राष्ट्र निर्माता पृथ्वीनारयाण शाहको नुवाकोट आक्रममा जाने क्रममा गोर्खाबाट आउँदा यही स्थानमा बास परेको र सपनामा एउटी बालिकाले हातमा खड्गसहित विजयी हुने बरदान दिएको कुरा पृथ्वीनारायण शाहको दिव्योपदेशमा उल्लेख छ ।

२. सदरमुकाम धादिङबेंसीबाट ४० किमी उत्तरतर्फ पर्ने सल्यानकोटको हटीयाको मन्दिरबाटबाट आगिन्चोकको हाँसेमा भएको मन्दिरमा ल्याई देवि भित्र्याउने भित्राउने चलन रहि आएको छ । प्राचीनकालदेखि शाहवंशीय राजाले विशेष महत्वका साथ सो स्थानमा पूजापाठ गर्ने गरेको तथ्य भेटिन्छ । त्रिपुरासुन्दरीको सल्यानकोट गाविस-५ मा रहेको २ वटा मन्दिरमध्ये घटस्थापनादेखि कोजाग्रत पूर्णिमासम्म भगवतीलाई पूर्वपट्टिको मन्दिरमा राखेर पुजाआजा गरिन्छ, जुन मामाघरको रूपमा प्रसिद्ध र आगिन्चोक स्थित सल्यानबेंसीमा गरेर तीन मन्दिर छन् ।

३. सल्यानकोट थुम्कोमा रहेको मन्दिरलाई दशैंघर भनिन्छ कतिपयले सो मन्दिरलाई भगवतीको मामाघरको रुपमा समेत हेर्ने गर्दछन् ।

अर्को मन्दिर सल्यानकोटको वडा नम्बर ५ कै पश्चिम थुम्कोमा । जुन मन्दिर भगवतीको मूल मन्दिर हो । यो मन्दिरमा वर्षको अधिकांश समय भगवतीलाई राखेर पुजा आराधाना गरिन्छ । आगिन्चोकको वडा नम्बर १ स्थित गणेशस्थान नजिकैको हाँसेपसल छेउमा रहेको मन्दिरलाई माइती घरका रुपमा चिन्निन्छ ।

४. भगवतीको मूर्ति रहेको विश्वास गरिएको बाकस पुजारीले पिँठ्युमा बोकेर करिब तीन घन्टाको पैदल दूरी पार गर्दै सल्यानबेंसीको मन्दिरमा ल्याउने गरिन्छ ।

५. भगवतीलाई बेसीको मन्दिरमा लैजाने साइत दशैंको टीकाको दिन हेर्ने र तिहारको भाइटीकाको दिन त्यसलाई सार्वजनिक गर्ने चलन छ ।

६. मन्दिर प्रवेश गर्ने बेलैमा रानामगर, सापकोटा र तिमल्सिनाले भगवतीको स्वरूपबारे कसैलाई जानकारी गराउँदिनँ भनेर कसम खाने पुरानो प्रचलन अहिले पनि छ। यी तीन थरबाहेक मन्दिर पुग्ने जोसुकैले पनि मन्दिरको मुख्यढोकाबाटै भगवतीलाई पूजा-आजा गर्नुपर्ने नियम छ ।

७. मङ्सिरदेखि चैतसम्म भगवतीलाई आगिन्चोक स्थित बेसीको मन्दिरमा राखिन्छ, जुन भगवतीको माइतीको रूपमा प्रचलित छ । सल्यानकोट कै पश्चिम थुम्कामा रहेको अर्को मन्दिरमा राखेर वर्षमा ८ महिनाभन्दा बढी समय भगवतीलाई त्यही पूजाआजा गरिन्छ ।

८. धादिङ्गको त्रिपुरासुन्दरी भगवती हुन् जुन जसलाई वर्षमा ३ फरक फरक मन्दिरमा लगेर पुजा आजा गरिन्छ यस्तो नेपालको कुनै मन्दिर पनि छैन ।

९. भगवतीको लागि ४ सय २२ मुरी जमिन गुठीको रुपमा रहेको छ ।

१०. काठमाडौंबाट करिब १ सय ३० किलोमिटर पश्चिममा अवस्थित यो मन्दिर स्थानीय बासीन्दाको लागि निक्कै आस्था र विश्वासको केन्द्र बनेको छ ।

११. दुनियाँले हेर्न नहुने भनिएको मुर्तिका विषयमा सबैका चासो हुने नै भयो । यस विषयमा खोज गर्दै गर्दा स्थानिय शेरबहादु भण्डारीका अनुसार त्यो कसैले हर्नै नहुने भनिनु पहिलो त्यो देवि रहेको भन्ने वाकस भित्र बहुमसन्य गहना राखिएको थियो । एकान्तको मन्दिरमा चोरी हुने सम्भावनाले बाकस खोलिए सापको रुपमा देवि प्रकट हुनेर उक्त वाकस खोल्ने अधिकार पुजारीलाई समेत नभएको बताईको हुन सक्ने ।

# हाच्छिउँ झारका फाइदा

**लोचन आचार्य**

तराई-मधेसका बासिन्दाको लागी हाच्छिउँ झार नौलो वनस्पति होइन । नदी किनाराको चिसो ठाउँमा यो वर्षभरी नै फल्छ र फुल्छ । यो एउटा जमिनमा फैलिने सानो झार हो । यसको पात ०.३-०.७ इन्च लामो र हेर्दा दाँतझैं दन्तुर भइ निस्केको हुन्छ । यसको फूल छोटो प्रायः गोलाकार, ०.१-०.१२ इन्चको हुन्छ।

हाच्छिउँ झारको नामबाट ऋभलतष्उभमब ऋष्लषब(ष्लल.) ब्. द्यच. ७ ब्कअजभचक को ग्रहण गर्नु पर्छ । यसलाई संस्कृतमा क्षवक, छिक्किका, तीक्ष्णा, घ्राण दुःखदा भनिन्छ भने भारतमा नकछिकनी भन्ने प्रचलन छ । अंग्रेजीमा यसलाई क्लभभशभ(धयचत भनिन्छ ।

यो झारको विषयमा आयुर्वेदका प्रमुख ३ ग्रन्थ चरक संहिता, सुश्रुत संहिता तथा अष्टाङ्गहृदय (जसलाई बृहतत्रयी पनि भनिन्छ) मा प्रशस्त मात्रमा उल्लेख गरिएको छ । यस बाहेक आयुर्वेदका अन्य थुप्रै ऐतिहासिक ग्रन्थ-कोशहरूमा समेत यो झारको यथेष्टउल्लेख गरिएको छ ।

अर्का प्रकाश (ई.पू. २६००), सौश्रुतनिघण्टु (ई.सं. ५ औं शताब्दी), अष्टाङ्गनिघण्टु (ई.सं. ८ औं शताब्दी), सिद्धसार निघण्टु (ई.सं. ९ औं शताब्दी), ई.सं. १० औं शताब्दीमा रचित मदनादिनिघण्टु र धन्वन्तरिनिघण्टु, ई.सं. ११ औं शताब्दीमा रचित चन्द्रनिघण्टु र चक्रदत्त, सोढलनिघण्टु (ई.सं. १२ औं शताब्दी), ई.सं. १३ औं शताब्दीमा रचित अभिधान रत्नमाला, हृदय दीपकनिघण्टु, मदनपालनिघण्टु, ई.सं. १५ औं शताब्दीमा रचित कैयादेव निघण्टु, राज-निघण्टु, ई.सं. १६ औं शताब्दीमा रचित भावप्रकाश निघण्टु, शिवकोष तथा ई.सं.



१९ औं शताब्दीमा रचित अभिनवनिघण्टु, शङ्करनिघण्टु, अभिधानमञ्जरी, शालिग्रामनिघण्टु र नेपालीनिघण्टुमा समेत हाच्छिउँझारको बारेमा व्याख्या गरिएको पाईन्छ।

मुख्यतः यसलाई सुँघ्दा हाच्छिउँको उत्पत्ति हुन्छ । आयुर्वेदका विभिन्न संहिताहरूको अध्ययन पश्चात् यो झारले पिनास, शिरःशूल (टाउको दुखाई), दन्तशूल (दाँतको दुखाई), दाद लगायत छालाको रोग, वातरक्त (गठियावात), पक्षाघात (प्यारालाइसिस), अरुचि, प्लिहावृद्धि (स्पलीनोमेगाली), कुष्ठरोग, कृमी रोग (जीवाणुजन्य रोगहरू) आदि निको पार्ने बताइन्छ ।

यसको प्रयोज्य अंग बिउ हो र यसलाई रोग हेरेर लेप, काढा वा धुलो बनाई १-३ ग्रामसम्म प्रयोग गर्न सकिन्छ । यसलाई धेरै समयसम्म सुँघ्यो भने नाक भित्रशोथ उत्पन्न गराउन सक्छ। आयुर्वेद चिकित्सकको सल्लाह बिनाप्रयोग गर्नु हुँदैन ।

झन्डै ३ हजार पुरानो आयुर्वेदका ग्रन्थहरूमा बताईएको हाच्छिउँझारको वैज्ञानिक अध्ययन भने सन् १९९० को दशकदेखि मात्र हुन थालिएको देखिन्छ । विभिन्न अध्ययनहरूले आयुर्वेदमा पुर्वोक्त बताईएका फाईदाहरू माथि थप वैज्ञानिक आधारको निर्धारण गरीदिएका छन् ।

विशेषतः विभिन्न ग्रन्थहरूमा यो झारको कर्म कृमीघ्न बताईएको छ, अर्थात् यसले जीवाणुहरूलाई मार्छ । अनुसन्धानहरूले पनि यो झारले विभिन्न १० परिवारका ब्याक्टेरियाहरू, पेटमाहुने जुकाहरूलाई मार्न सक्ने क्षमताभएको पुष्टि गरेका छन् । पछिल्लो ५ वर्षमा यो जडिबुटीमाथि भएका अनुसन्धानहरूले यो झारबाट निकालिएको रासायनिक पदार्थबाट प्रोस्टेट तथा नाकका कोषहरुमा हुने कार्सीनोमा समेत नष्ट गरेको दावी गरेका छन् । यद्यपि मानिस माथि यसको परिक्षण हुन बाँकी नै छ ।

**निस्कर्ष**

हाच्छिउँ झार सजिलै प्राप्त गर्न सकिने तथा विभिन्न गुणयुक्त जडिबुटी हो। यसको क्षमता तथा फाईदाहरू बारे आयुर्वेदका ग्रन्थ मात्र नभई पश्चिमी अनुसन्धानहरूले पनि पुष्टि गर्दै आएको पाईन्छ । नेपालमा यसको प्रयोग गाउँघरमा परम्परागत किसिमले हुँदै आएता पनि आयुर्वेद चिकित्सकहरूले यसलाई कमै सिफारिस गरेको देखिन्छ । यसबाट औषधिको निर्माण तथा उत्पादन नभएको देखिन्छ, त्यसैले यो एउटा सम्भावना युक्त जडिबुटी हुन सक्छ।

# नेपालमा शिखर सम्मेलन हुने

काठमाडौं-नेपालमा पहिलो पटक ४२ मुलुकका बर्तमान राष्ट्राध्यक्ष/सरकार प्रमुखहरूसहित १५०० जना सहभागी हुने एशिया प्यासफिक समिट हुने भएको छ । सम्मेलन मङ्गसिर १४ देखि १७ गतेसम्म काठमाडौंको ह्यात रिजेन्सी होटलमा हुने जानकारी सोमबार राजधानीमा पत्रकार सम्मेलन गरी आयोजक समितिले जानकारी दिएको हो ।

'बर्तमान समयका गंभिर चुनौतीहरूमाथि सम्बोधनः अन्तरनिर्भरता, पारस्परिक समृद्धि र सर्बब्यापक मूल्य-मान्यता' रहेको सम्मेलनमा एशिया प्यासिफिक क्षेत्रसहित विश्वका अन्य मुलुकका बर्तमान तथा पूर्वराष्ट्राध्यक्ष/सरकार प्रमुखहरू, सभामुखहरू, सांसदहरू, राजनैतिक नेताहरू, विभिन्न धर्मका धार्मिक अगुवाहरू, महिला नेतृहरू, संचारकर्मीहरू, प्राज्ञिक ब्यक्तित्वहरू, ब्यवसायी, कलाकार तथा नागरिक समाजका अगुवाहरू सहभागी हुने पत्रकार सम्मेलनमा जानकारी दिइयो । सम्मेलनले गरिवी, आतंकबाद, जलवायु परिवर्तन, खाद्य असुरक्षा, नैतिक पत्तन, जबर्जस्ती विस्थापन, प्राकृतिक विपत्ति, सस्त्रको होडबाजी जस्ता बढ्दो चुनौतीलाई सामना गरिरहेको विश्व समुदायलाई ती समस्या समाधान गर्न सघाउने विश्वास आयोजक संस्थाले लिएको छ । युनिभर्सल पिस फेडरेशनले सरकार, नागरिक समाज, नीजि क्षेत्रका प्रतिनिधिहरूको सहकार्यमा यस्ता अन्तराष्ट्रिय शिखर सम्मेलनका सृङ्खलाहरू नै विश्वब्यापी रुपमा आयोजना गर्दै आएको छ । यति बृहद् स्तरमा शिखर सम्मेलन नेपालमा पहिलो पटक आयोजना हुन लागेको आयोजक संस्थाको दावी छ । स्तरमा आयोजना गर्दै आएको छ ।

# साउदी, अमेरिका र इरान सम्बन्ध



विष्णु भट्टराई

इरानको परमाणु कार्यक्रमलाई लिएर इरान र पश्चिमा राष्ट्रहरूबीच पनि पटकपटक तनावको अवस्था देखा पर्ने गरेको छ। सोही कारण इरानको परमाणु कार्यक्रमलाई सीमित पार्न सन् २०१५ मा इरान र अमेरिकासहित विभिन्न राष्ट्रबीच परमाणु सम्झौता भएको थियो। तर, डोनाल्ड ट्रम्प अमेरिकी राष्ट्रपति बनेपछि यो सम्झौताबाट पछि हट्दै पुनः इरानमाथि नयाँ प्रतिबन्धहरू सुरु भएका हुन्। अमेरिकाले यसक्रममा इरानसँग तेल कारोबार गर्ने राष्ट्रले आफूसँग कारोबार गर्न नपाउने गरी कडा रबैया अपनाएपछि कतिपय राष्ट्र र कम्पनीहरू इरानको तेल आयात गर्न छाडेर इरानबाट बाहिरि इरहेका छन्। यसले इरानको आयको प्रमुख स्रोतका रूपमा रहेको तेल व्यापारमा कमी आएको छ र आर्थिक समस्या बढ्ने देखिएको छ। इरानसँग भएको परमाणु सम्झौताबाट पछि हट्ने ट्रम्पको निर्णयको बेलायत, फ्रान्स, जर्मनी, रुसलगायतका युरोपेली राष्ट्रले विरोध गर्दै आफूहरू सम्झौतामा कायम रहेको बताए पनि इरानमाथि भएको अमेरिकी प्रतिबन्धमा भने मौन देखिएका छन्। यसलाई कतिपयले उनीहरूको अमेरिकी कदममाथिको मौन समर्थनका रूपमा समेत लिएका छन्। अमेरिकाको यो प्रतिबन्धबाट सबैभन्दा बढी साउदी, इजरायल, संयुक्त अरब इमिरेड्स (यूएई), बहराइनलगायतका राष्ट्र भने खुसी छन्। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँगको परमाणु सम्झौताबाट पछि हट्ने निर्णय गर्दा यी राष्ट्रले शीघ्र सकारात्मक प्रतिक्रिया पनि जनाइका थिए।

अहिले विश्व राजनीतिमा अमेरिकाको ठीकविपरीत धारमा उभिएका कतिपय राष्ट्र पनि इरानमाथिको प्रतिबन्धपछि इरानसँगको व्यापारबाट पछि हटेका छन्। यसरी पछि हट्ने कम्पनीमध्ये कतिपय कम्पनी त भर्खरै मात्र इरानसँग सम्झौता गर्ने कम्पनी पनि रहेका छन् भने केही इरानसँग सम्झौतामा हस्ताक्षर गर्न सुरुवाती चरणमा थिए। यसरी इरानबाट बाहिरिने कम्पनीमध्ये कतिपय इरानसँग भएको परमाणु सम्झौताको पक्षमा रहेका देशका कम्पनी पनि छन्। इरानसँग आफ्नो कारोबार बन्द गर्ने कम्पनी अलगअलग क्षेत्रसँग सम्बन्धित रहेका छन्।

अमेरिका, फ्रान्स, बेलायत, जर्मनी, रुस र चीन तथा इरानबीच भएको परमाणु सम्झौतालाई सुरुवाती चरणमा साउदीले पनि समर्थन गरेको थियो। तर, साउदी अरब पछि यो सम्झौताको कट्टर विरोधी बनेर देखा पर्‍यो र अन्तराष्ट्रिय प्रचारमा ठूलो खर्च गर्‍यो। कुनै समय त साउदीले इरानको परमाणु कार्यक्रमको हल वार्ताका माध्यमबाट हुनुपर्ने भन्दै आएको थियो भने यो समस्याको सैनिक समाधानको विरोधमा वक्तव्य नै दिएको थियो। त्यसबेला इरान र साउदी न त यमनमा एक अर्काविरुद्ध खडा थिए न त सिरियामा 'प्रोक्सी वार' लडिरहेका थिए। रियाद, तेहरान र अंकाराबीचको क्षेत्रीय प्रतिद्वन्द्वी लामो खुलेर बाहिर आएको पनि थिएन।

इराकमा सद्दाम हुसेनमाथिको फाँसी र अफगानिस्तानमा तालिवान गतिविधिको असरबीच मध्यपूर्वमा प्रतिद्वन्द्वीलाई 'चक्मा' दिने रणनीति बिस्तारै अघि बढ्दा क्षेत्रीय संघर्ष चुलिँदै गएको हो। यो संघर्ष चुलिँदै जाँदा कतिपय साउदी अरबका सहयोगी देशहरू तेहरान र वासिङ्टनबीच सम्बन्ध सुधार हुने र यसले अरब क्षेत्रमा पर्न सक्ने प्रभावलाई लिएर यसको विरोधमा खडा थिए। तर तत्कालीन अमेरिकी राष्ट्रपति बाराक ओबामाले इरानसँगको परमाणु सम्झौतामा हस्ताक्षर हुनुभन्दा दुई महिनाअघि नै साउदीसहित ६ देशलाई अमेरिकाको क्याम्प डेभिडमा बोलाएर तेहरानसँगको सम्झौतापछि पनि उनीहरूको सुरक्षालाई विशेष ध्यान दिने वचन दिएका थिए।

यसैका कारण सुरुवाती दिनमा साउदी र उसका सहयोगी राष्ट्र सम्झौताको पक्षमा देखिएका थिए। तर सम्झौतापछि उनीहरूका भनाइले यी राष्ट्र सुरुदेखि नै परमाणु सम्झौताका पछि थिए भन्ने प्रस्टिन्छ। यसको प्रतिफलस्वरूप यो क्षेत्रमा साउदी र इरानबीचको तनाव चर्किँदै गयो। सन् २०१६ मा सिया धर्मगुरु शेख निम्रलाई फाँसी दिएको विरोधमा हिज्बुल्लाका समर्थकले तेहरानमा रहेको साउदी दूतावासामा हमला गरेपछि दुई देशबीच कूटनीतिक संकट गहिरियो।



यसपछि अरब देश वासिङ्टनतर्फ मोडिए, जहाँ वर्षौंदेखि तेहरानको सबैभन्दा ठूलो दुस्मनका रूपमा रहेको इजरायलको निर्भरता थियो। अमेरिकामा उनीहरूले अमेरिकी निर्णयलाई प्रभाव पार्न तीव्र लबिइङ गरेका थिए। यो लबिइङका लागि साउदी र सहयोगी राष्ट्रले गरेको खर्च अमेरिकी कंग्रेसलाई दिएको अमेरिकी कानुन विभागको रिपोर्टमा देख्न सकिन्छ। सन् २०१४ मा साउदीले ६ मिलियन खर्च गरेको थियो भने २०१५ मा करिब १५ मिलियन डलर लबिइङमा खर्च गरेको छ।



दैनिक क्रिस्चियन साइन्स मनिटरको सन् २०१६ को एक रिपोर्टअनुसार रियादले वासिङ्टनमा लबिइङ गर्न जुन खर्च अमेरिकामा दिएको थियो, त्यसको एउटै लक्ष्य इरानविरुद्ध साउदीको विचारको प्रचार प्रसार गर्नु थियो।

साउदी अरबले भने इरानको परमाणु सम्झौताले आफ्नो विदेश नीतिमा कुनै असर नपरेको र तेहरानले पहिलेदेखि नै सिरिया, यमन, इराक, बहराइन र लेबनानको आन्तरिक मामलामा हस्तक्षेप गर्ने गरेको बताउँदै आएको थियो। तर, यी सबै देशका आन्तरिक संघर्षमा साउदी अरब आफैंले भने इरान समर्थित समूहको विरोधी समूहलाई साथ दिँदै आएको थियो। इरानविरुद्ध साउदीको लबिइङको अर्को मुख्य निशाना इरानको मिसाइल कार्यक्रम थियो। साउदी अधिकारीहरूले कहिले खुला रूपमा त कहिले प्रोपोगान्डा र सञ्चारमाध्यमको उपयोग गरेर इरानको मिसाइल कार्यक्रमले आफूमाथि सिधा खतरा रहेको औंल्याइरहे।

पूर्वराष्ट्रपति बाराक ओबामाले आफ्नो दोस्रो कार्यकालमा साउदी र इजरायलका कतिपय भड्काउपूर्ण क्रियाकलापलाई बेवास्ता गरिदिए। यसकै परिणामस्वरूप सन् २०१६ को डिसेम्बरमा राष्ट्रसंघ सुरक्षा परिषद्मा इजरायलले प्यालेस्टाइनको गाजा क्षेत्र, पश्चिम किनारालगायतका क्षेत्रमा अवैध रूपमा यहुदी बस्ती बसाएकोमा विरोध गर्ने प्रस्ताव पारित भयो। यसमा अमेरिका तटस्थ बसेको थियो भने सुरक्षा परिषद्का बाँकी १४ वटा राष्ट्र प्रस्तावको पक्षमा उभिएका थिए। त्यसअघि इजरायलविरोधी प्रस्तावलाई अमेरिकाले भिटो पावरको प्रयोग गरी निस्तेज पार्दै आएको थियो।

यो परिस्थितिमा अमेरिकी राष्ट्रपतिको निर्वाचनमा डोनाल्ड ट्रम्पको अप्रत्यासित जितले खेलको पासा साउदीको पक्षमा पल्टियो। सुरुवाती दिनदेखि नै ट्रम्प इजरायल र साउदीको पक्षमा खुलेर लागे। उनले नै गत वर्ष प्यालेस्टाइनको दाबी रहँदै आएको पूर्वी जेरुसेलमलाई इजरायलको राजधानीका रूपमा मान्यता दिँदै तेल अभिभमा रहेको दूतावास जेरुसेलम सार्ने निर्णय लिए भने इरानसँग भएको परमाणु सम्झौताबाट उनी पछि हटे। साउदीले गरेको लबिइङका कारण इजरायलसहित इरान परमाणु सम्झौताबाट अमेरिका पछि हट्ने विषय सञ्चारमाध्यममा बहसका विषय बनेका थिए।

राष्ट्रपति पदका रिपब्लिकन उम्मेदवारहरूले विशेषगरी इरानसँगको परमाणु सम्झौतालाई के गर्ने भन्ने प्रश्नको सामना गर्नुपरेको थियो। यही सन्दर्भमा रिपब्लिकन उम्मेदवार ट्रम्पले इरानसँगको परमाणु सम्झौताको विरोध गर्ने नीति अख्तियार गरे। ट्रम्प नै अमेरिकी राष्ट्रपति बन्नु परमाणु सम्झौताविरोधीका लागि सुनौलो मौका बनेर आयो। ट्रम्पले आफू राष्ट्रपति साउदीको भ्रमण गरे र इरानविरोधी कडा नीति लिए भने साउदीलाई अर्बौं डलरका हतियार बेच्ने सम्झौता गराउन सफल भए।

अर्को कुरा के छ भने साउदीले जुन नेटवर्कबाट अमेरिकामा लबिइङका लागि खर्च गर्दै आएको थियो, त्यसमा पनि ट्रम्पको कार्यकालमा वृद्धि भएर २७ मिलियन डलर पुगेको छ। यसका लागि इरानसँगको परमाणु सम्झौता भएको तीन वर्षमा अमेरिकाको एक कम्पनीले ६० लाख डलर पाएको छ। जुन रकमबाट सो कम्पनीले इरानविरोधी सामग्री तयार पारेर नियमित रूपमा अमेरिकी नेतासमक्ष पुर्‍याएको छ।

यसको एउटा नमुना भनेको अमेरिकी न्यायमन्त्रालयको एक वेबसाइटमा राखिएको प्रोपोगान्डाबाट पत्ता लाग्छ। जहाँ साउदी नेताको कयौं खुबीको चर्चा गरिएको छ भने इरान चरमपन्थीको सबैभन्दा ठूलो समर्थक देश भएको उल्लेख गरिएको छ। यस्तै 'होगन ल फर्म' ले तयार पारेको एउटा पाँच पेजको दस्तावेजमा यमनको हुथी समूहको मिसाइल हमला, इरानसँगको सम्बन्ध र अन्तिममा इरान यस क्षेत्रमा अस्थिरता फैलाउने शक्तिका रूपमा व्याख्या गरिएको छ।

यस्ता दस्तावेज प्रभावशाली अमेरिकी नेता, ह्वाइट हाउस र कंग्रेसका कर्मचारीदेखि सिनेटका अधिकारी र सिनेटरसम्म पुर्‍याइन्छ। यसको मुख्य उद्देश्य भनेको प्रभावशाली व्यक्तिसँगको बहस, मिडियासँगको साक्षात्कारजस्ता कार्यक्रममा नेताहरूले गोप्य दस्तावेजको हवाला दिँदै इरानबारे यस्ता भ्रम फैलाउन सकियोस् भन्ने हो।

इरानसँगको परमाणु सम्झौता र पछिल्लो नाकाबन्दीबारे निर्णय अमेरिकाले निकै लामो समय खर्चिएर नै गर्‍यो। यसको कारण भनेको इरानको तेलबजारमाथि अंकुश लगाएपछिको अवस्थालाई मूल्यांकन गर्नु थियो। जसको चाबी साउदी राजाको हातमा थियो। यसैकारण साउदी अरबले इरानमाथि पुनः प्रतिबन्ध लगाएपछि तेल बजारमा स्थिरता कायम गर्न आवश्यक तेल साउदीले उत्पादन गर्ने घोषणा गरेपछि इरानमाथि प्रतिबन्धको कदम चालियो।

प्रतिबन्धका कारण इरान यतिबेला आर्थिक संकटको सामना गरिरहेको छ। तेल बजारमाथि लागेको प्रतिबन्धका कारण इरानको तेल निर्यातमा कमी आएको छ भने इरानी पैसा कमजोर बनेको छ। साउदीसहितका देश इरानलाई यो क्षेत्रमा पछि धकेल्न सफल हुन्छन् या हुन्न भन्ने विषयमा त परस्परविरोधी मतहरू पाइन्छन्। तर रियादको इरानसँगको परमाणु सम्झौतालाई कमजोर पार्न र इरानमाथि पुनः प्रतिबन्ध लगाउन अमेरिकालाई निर्णायक रूपमा उक्साउन भने साउदीले सफलता पाएको छ।

*एजेन्सीको सहयोगमा*

## रोचक संसार

### ट्वाइलेटको पानी बेचेर करोडौं



ट्वाइलेटमा प्रयोग गरेको पानी केमा प्रयोग होला ? त्यो फोहोर पानी ढलमा मिसिनुको विकल्प के होला र ? भन्नुहोला। तर भारतमा एउटा सरकारी संस्थाले ट्वाइलेटको पानी बेचेर ७८ करोड भारु कमाउँदै छ।


भारतका केन्द्रीय परिवहन मन्त्री नितिन गडकरीले यसको पुष्टि गरेका छन्। फोहोर ठानेर फ्याँकिने ट्वाइलेटको पानीबाट राम्रो कमाइ गर्न सकिने उनको योजना छ। वास्तवमा भारत सरकारले ट्वाइलेटमा प्रयोग भएको पानीबाट एसी बस चलाउँदैछ। मन्त्रीका अनुसार नागपुरमा वैकल्पिक इन्धनका विषयमा केही नयाँ प्रयोग भइरहेको छ। त्यहाँ ट्वाइलेटको पानीबाट बायो ग्यास निकालिन्छ। सोही ग्यासबाट बस गुड्नेछ। नितिन गडकरीका अनुसार मुम्बइ, पुणे तथा गुवाहटीमा कोइलाबाट बस चलाउने प्रयोग पनि भैरहेको छ। कोइलाबाट मिथेन ग्यास निकालेर त्यसको प्रयोग गाडीको इन्जिनमा गरिनेछ। डिजेल भन्दा मिथेन ग्यास निकै कम मूल्यमा पाइने भएको हुँदा यसले परिवहनको भाडा सस्तो बनाउने मन्त्रीको दाबी छ।

### आफ्नै पिसाब बेचेर कमाइ

काठमाडौं। भनिन्छ, भाग्य हुनेका लागि तालुमा आलु फल्छ। अर्कोतर्फ पैसा कमाउने काम एउटा कला पनि रहेछ। त्यो कला जो कोहीलाई कहाँ आउँछ र ?

जब भाग्यले साथ दिन्छ र मानिसले आफ्नो कलाको आइडिया लाउँछ तब मनग्गे पैसा कमाउन कुनै पहरो फोर्नु पर्ने रहेनछ। यो दुनियामा आफ्नै पिसाब बेचेर पनि मानिसहरु करोडपति बन्ने रहेछन्।

अमेरिकाको फ्लोरिडामा एक युवती आफ्नो पिसाब बेचेर घरमै बसीबसी लाखौं कमाउँथिन् भन्दा पत्यार नलाग्न सक्छ। जब मानिसहरुलाई ती युवतीको त्यो कर्मको बारेमा थाहा भयो तब सबै अचम्ममा परे। आखिर उनको पिसाबमा



त्यस्तो के छ ? जसलाई किन्नका लागि मानिसहरु बेचैन हुन्छन् ?

घटना अनुसार एकजना कलेज पढ्ने युवतीले दुई वर्ष पहिले अनलाइनमा एक विज्ञापन दिइन् आफ्नो पिसाब बिक्रि समबन्धमा। आफु ३ महिनाको गर्भवती रहेको हुँदा प्रेग्नेन्सी परीक्षणका साथै पिसाबलाई कुनै विशेष काममा प्रयोग गर्न चाहनेले आफ्नो पिसाब खरीद गर्न सक्ने कुरा उनले विज्ञापनमा उल्लेख गरेकी थिइन्। उनले आफ्नो पिसाबको एक वा दुई थोपाको मूल्य २५ डलर पर्ने बताएकी थिइन्।

सोसल मिडियामा उनको विज्ञापन भाइरल बन्यो। पिसाब किन्न चाहनेको होडबाजी नै भयो। रोचक त के भने उनको पिसाब किन्न चाहनेमा धेरै जसो महिला तथा युवतीहरु नै थिए। यसरी ती युवतीले आफ्नो पिसाब बेचेरै दिनमा २ सय डलर कमाउन थालिन्।

आखिर उनको त्यो पिसाब किन्नका लागि महिलाहरु किन मरिहत्ते गरे त ? यसको पनि रोचक नै रहेछ कारण रहेछ। खासगरी ती गर्भवती युवतीको पिसाबलाई अन्य युवतीले आफ्नो ब्वायफ्रेण्डलाई ब्लाकमेल गर्नमा प्रयोग गर्दा रहेछन्। बिहे गर्ने बचन दिएर यौन सम्पर्क गर्ने तर पछि बिहे नगर्ने भनेर तर्किने प्रेमीहरुलाई आफु गर्भवती भैसकेको भनेर तर्साउनका लागि उनीहरुले किनेको पिसाबबाट प्रेग्नेन्सी टेस्ट गरी पोजिटिभ रिजल्ट प्रेमीहरुलाई देखाउने रहेछन्। तर उनको त्यो पिसाब किन्नेहरुले त्यसलाई के के मा प्रयोग गर्थे भन्ने उनलाई थाहा थिएन। पिसाब बेचेर उनले लाखौं कमाइन् र आफ्नो कलेजको शुल्क तिर्नका लागि त्यो पैसा प्रयोग गरेको उनी बताउँथिन्।


### महिलाको वक्षस्थलको पूजा

काठमाडौं। मन्दिरमा देवी देवताका मूर्तिमा पूजा गरिनुपर्ने हो। तर यो दुनियामा एउटा यस्तो मन्दिर पनि छ, जहाँ महिलाका वक्षस्थल र भित्री वस्त्रहरुको पूजा हुन्छ।

यस्तो विचित्रको मन्दिर जापानमा छ। जापानीहरु पनि हद गर्छन् भन्या। एउटा यस्तो मन्दिर बनाएका छन् जहाँ देवताका मूर्ति होइन मन्दिरभित्र यत्रतत्र वक्षस्थलका आकृति छन्। मानिसहरु यो मन्दिरमा वर माग्न जाँदा वक्षस्थलकै डमी चढाउँछन्।

जापानको इबारकीस्थित वाकायाम सहरमा रहेको यो मन्दिर विश्वमा प्रसिद्ध छ। यो बौद्ध मन्दिर अहिले ब्रा अभ्यारण्यमा रुपान्तरण भएको छ। यो मन्दिरलाई वक्षस्थलकी देवी छिछिगमीसमको मन्दिर भनिन्छ। तिनै वक्षस्थलरुपी देवीको पूजा हुन्छ त्यहाँ।

यो वर्षमा वर्षौंदेखि वक्षस्थल पूजाको




प्रचलन रहेको हो। सुरक्षित प्रसूति तथा स्तन क्यान्सरबाट बच्ने भाकल गर्दै महिलाहरु त्यहाँ पुगेर स्तनका मूर्तिहरुमा पूजा गर्दछन्। भाकल पूरा भएका महिलाहरु त्यहाँ पुनः आएर कपासबाट बनेका स्तनका आकृतिहरु चढाउँदछन्। मन्दिरभित्र सबैतिर कपासका स्तन देखिन्छ।

### गर्भवती कर्मचारीलाई गर्भपतन गर्न कम्पनीको आदेश

चीनको एक निजी कम्पनीले आफ्ना महिला कर्मचारीलाई यस्तो निर्देशन जारी गरेको छ, जसले कम्पनीमा पूरै सन्नाटा छायो। कम्पनीले गर्भवती भएका आफ्ना महिला कर्मचारीलाई तत्कालै गर्भपतन नगरेमा गम्भीर परिणाम भोग्नुपर्ने चेतावनी दिएको छ।

चिनियाँ पत्रिका वर्कर्स डेलीमा



छापिएको खबरले अहिले सर्वत्र चर्चा पाएको छ। गर्भवती हुनु अगाडि कम्पनी व्यवस्थापनलाई पूर्व जानकारी नगराएको भन्दै कम्पनीले गर्भवती महिला कर्मचारीलाई यस्तो चेतावनी दिउको हो। शिजाजुआंग प्रान्तस्थित एउटा बैंकले यस्तो अनौठो कर्तूत गरेको हो। उक्त बैंकको नियमानुसार सबै महिला कर्मचारीहरुले वर्षको सुरुमा एउटा फारम भर्नुपर्दछ। उक्त फारममा यस वर्ष गर्भाधारण गर्ने योजना भए-नभएको खुलाउनु पर्दछ र गर्भाधारणको योजना भएमा सोही व्यहोरा खुलाएर फाराम स्वीकृत गराउनु पर्दछ।

विना जानकारी गर्भवती हुने महिलालाई दुईवटा विकल्प दिइन्छ। पहिलो विकल्प गर्भपतन गराउने र दोस्रो विकल्प आर्थिक जरिवानाको रुपमा तलब कटौती तथा पद घटुवा गर्ने। साथै दुवै सजाय पनि दिन सकिन्छ।

एकजना महिला कर्मचारीले आफू गर्भवती भएको आरोपमा कम्पनीले कारवाही गर्न लागेको जनाएर कामदार सेवा केन्द्रमा निवेदन दिएपछि बैंकको यस्तो कर्तुतको खुलासा भएको हो।

### पाँचतारे भूमिगत होटेल

चीनको शांघाईस्थित सोंगजियांग क्षेत्रमा एउटा अद्वितीय होटलको निर्माण भएको छ। यो होटल विशेष यस अर्थमा छ कि होटलको सबैजसो भाग जमिनमुनि छ। निर्माण सुरु भएको १२ वर्षमा निर्माण सम्पन्न भएको यो होटल अब सर्वसाधारणका लागि खुल्ला गरिएको छ।

१८ तल्लाको यो होटलको अधिकांस भाग जमिनमुनि छ। यो विश्वकै पहिलो



भूमिगत होटल हो। होटलको केवल दुई तलामात्रै जमिनमाथि छन्। जबकी सबैभन्दा तलका दुई तलाचाहीं पानीको पोखरीमुनि छन्। ती दुई तलामा बस्ने पाहुनाले एउटा ठूलो अक्वारियममा बसेको अनुभव गर्दछन्।

यो होटल बनाउन ५ सय जना आर्टिटेक्ट, इन्जिनियर तथा मजदुरले काम गरेका थिए। झण्डै ३२ अर्ब रुपैयाँको लागतमा यो होटलको निर्माण भएको छ। बेलायती आर्किटेक्ट मार्टिन जोकम्यानले यो होटलको डिजाइन गरेका हुन्।

यो होटल जमिनबाट ८८ मिटर गहिराईसम्म रहेको छ। इन्टर कन्टिनेन्टल शांघाई वन्डरल्याण्ड नामक यो होटललाई शिमाओ क्वेरी नामबाट पनि चिनिन्छ।

यो होटलको सबैभन्दा महंगो कोठामा बस्नका लागि एक रातको १४ हजार डलर तिर्नुपर्दछ। होटलमा ३ सय ३६ वटा कोठा भएको यो होटलमा रक क्लाइम्बिङ्ग तथा बन्जी जम्पिङको सुविधा पनि रहेको छ।

*अनलाइन खबरबाट*

प्रेरक प्रसंग

## सबैभन्दा खुसी चरो

जंगलमा बस्ने कागलाई कुनै कष्ट थिएन । ऊ निकै आनन्दको जिन्दगी बाँचिरहेको थियो । एक दिन उसले एउटा हाँसलाई देख्यो । उज्यालो सेतो हाँसलाई देखेर उसले सोच्यो, यो हाँस कति सेतो । म चाहिँ कति कालो छु । यो हाँस पक्कै पनि संसारकै खुसी चरो हुनुपर्छ । कागले हाँससित यही जिज्ञासा राखिसकेपछि हाँस्ले दुखी हुँदै भन्यो- यस्तो होइन साथी, मलाई पनि लामो समयसम्म म नै संसारको खुसी चरो हुँ जस्तो लाग्थ्यो । तर एक दिन मैले एउटा सुँगालाई देखेँ । उसको शरीरको दुई रंगको छटा अनौठो थियो । जबकि मसँग त केवल एउटा मात्र रंग छ । त्यसैले मलाई त लाग्छ सुँगा नै संसारको सबैभन्दा सुन्दर र खुसी चलो हुनुपर्छ । काग सुँगालाई भेट्न गयो र त्यही जिज्ञासा राख्यो । सुँगाले भन्यो- जबसम्म मैले मयुरलाघई देखेको थिइन तबसम्म मलाई आफ्नो रुपरंगमाथि निकै गर्व थियो । तर मयुर जति सुन्दर त कोही हुनै सक्दैन । मेरो शरीरका दुई रंगको मयुरसित के तुलना हुन्थ्यो र ? त्यसपछि काग मयुरको खोजी गर्न थाल्यो । उसले एउटा चिडियाघरमा मयुरलाई भेट्यो । त्यहाँ उसको पिँजडा बाहिर बसेका थुप्रै मानिसले उसको सुन्दरताको बयान गरिरहेका थिए । जब मानिसहरु गए कागले सोध्यो- मयुर साथी तिमी कति सुन्दर छौ । हजारौं मानिस हरेक दिन तिमीलाई हेर्न आउँछन् । मलाई त देख्नासाथ लखेट्छन् । मलाई लाग्छ तिमी संसारकै सुन्दर र खुसी चरा हौ । खुइय सुस्केरा हाल्दै मयुरले भन्यो- मलाई पनि यस्तै लाग्थ्यो साथी । तर सुन्दरता नै मेरो शत्रु बन्यो । यही सुन्दरताका कारण म अहिले चिडियाघरभित्र पिँजडामा कैद बनेको छु । यहाँ तिमीबाहेक अरु चराहरु पिँजडामा थुनिएका छन् । त्यसैले मलाई आफू मयुर नभएर काग भइदिएको भए स्वतन्त्र भएर आनन्दले आफूखुसी जंगलमा घुमिरहेको हुने थिएँ जस्तो लाग्छ । त्यसैले सबभन्दा खुसी म होइन तिमी हौ कागसाथी ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

परिस्थिति सोचेजस्तो अनुकूल नहुन सक्छ। नजिकका साथीभाइसँग असमझदारी बढ्नेछ भने काम बिग्रने डरले सताउन सक्छ। तर बुद्धिको उपयोगले जटिल काम समेत सम्पादन हुनेछ। ईर्ष्या गर्नेहरूलाई मेहनतको जवाफ दिन सफल भइनेछ। टाढिएका आफन्तजन नजिकिनेछन्। दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ। आवेशमा काम गर्दा विवादमा परिने सम्भावना छ।

### बृष

अवसर प्राप्त भए पनि बेलामा होस नपुर्याउँदा समस्या झेल्नुपर्ला। रचनात्मक काममा जुट्ने समय छ। तर, सहयोगीहरूले हात झिक्नुका साथै परिस्थितिले सोचेभन्दा फरक मोड लिन सक्छ। अग्रजहरूको सहमति नजुट्नाले काममा बाधा पुग्नेछ। योजना प्रारम्भ गर्न केही समय पर्खनुपर्ने देखिन्छ। हिसाबकिताबमा होसियार रहनुहोला। सञ्चित रकम खर्चनुपर्ने हुन सक्छ।

### मिथुन

अरूको मुख ताक्ने बानीले आफ्नो काम अधुरो रहनेछ। वचन पुर्याउन नसक्ता आलोचित बन्नुपर्ला। आत्तिने बानीले बोलीको गलत अर्थ लाग्न सक्छ। हातमा आएको रकम अरूका लागि खर्चनुपर्नेछ। बुद्धिले काम लिँदा चिताएको योजना कार्यान्वयनमा आउनेछ। शुभचिन्तकहरूको भावना बुझेर अघि बढ्नुहोला। परिस्थिति सबल नदेखिए पनि मिहिनेतले लक्ष्यमा पुर्याउनेछ।

### कर्कट

अवसर प्राप्त भए पनि बलजफ्ती गर्ने बानीले समस्या निम्त्याउन सक्छ। भेटघाट र खानपानमा समय व्यतीत हुनेछ। पहिलेको सफलताले थप हौसला जगाउनेछ। बिछोडिएका परिवारजनसँग पुनर्मिलन हुनेछ। आफ्नो स्वामित्वका वस्तुमा अरूले दाबी गर्न सक्छन्। बेसुरमा दिइएको वचनले समस्या निम्त्याउनेछ। केही कठोर निर्णय लिनुपरे पनि चिताएको काम सम्पादन हुनेछ।

### सिंह

परिश्रम धेरै गर्नुपरे पनि प्रतिफल कम मात्र प्राप्त हुनेछ। भैपरी आउने खर्चले धन अभाव हुनेछ। समय दिन नसक्दा बन्न लागेको काम रोकिन सक्छ। पछिका लागि केही वस्तु त्याग्नुपर्ला। टाढाका साथीभाइसँग सम्पर्क बढ्नेछ। खर्च लागे पनि यात्रा गर्ने प्रक्रिया अघि बढ्न सक्छ। अवसरका लागि केही दौडधुप गर्नुपर्ने समय छ। आम्दानीका स्रोत भने कमजोर बन्न सक्छन्।

### कन्या

प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ। दिगो फाइदा हुने काममा जग बसाउने मौका छ। तारिफयोग्य काम सम्पादन गर्दै मनग्गे धन आर्जन गर्न सकिनेछ। थोरै लगानीबाट पनि मनग्गे नाफा उठाउन सकिनेछ। विभिन्न भौतिक साधन जुट्नेछन् भने आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। पढाइमा प्रगति हुनेछ भने नयाँ ज्ञान सिक्ने योग छ।

### तुला

पुराना कामको चर्चा हुनेछ भने प्रयत्न गर्दा उपलब्धिको स्रोत प्राप्त हुनेछ। अवसर प्राप्त भए पनि समय दिन नसक्दा पछि परिनेछ। पहिलेका कमजोरीमा भने सुधार आउनेछ। नियमित काममा अलमलिनुपर्दा नयाँ क्षेत्रमा ध्यान दिन नसकिएला। तापनि मिहिनेतले लक्ष्यमा पुर्याउनेछ। सहयोगीहरूले राम्रो साथ दिनेछन् भने पहिलेको सफलताले पनि हौसला प्रदान गर्नेछ।

### बृश्चिक

केही समय लागे पनि विभिन्न काम र जिम्मेवारी हात पार्ने मौका छ। शुभचिन्तकहरूले राम्रो सहयोग जुटाउनेछन्। प्रयत्न गर्दा नयाँ काम थालनी हुनेछ। समुदायको हितमा केही विशेष काम गर्न सकिनेछ। धर्मकर्म तथा सेवामूलक काममा प्रवृत्त भइनेछ। आजको मिहिनेतले भविष्यमा नाम र प्रतिष्ठा दिलाउनेछ। जिम्मेवारी पाइनेछ तर उपलब्धिका लागि समय प्रतीक्षा गर्नुपर्ला।

### धनु

स्वास्थ्य कमजोर रहनेछ भने न्यून उपलब्धिका लागि अलमल हुनेछ। पहिलेका समस्या दोहोरिनाले नयाँ काम रोकिन सक्छ। समयको तालमेल नमिल्दा योजना पूर्ण नहुन सक्छ। अवसरका लागि जोखिमपूर्ण जिम्मेवारी वहन गर्नुपर्ला। गोपनीयतामा भने विशेष ध्यान पुर्याउनुहोला। चिताएको काम तत्काल सम्पादन नभए पनि पछिका लागि सकारात्मक संकेत प्राप्त हुनेछ।

### मकर

मनोरञ्जनमा अलमलिँदा लक्ष्यमा पुग्न समस्या पर्नेछ। परिस्थिति अनुकूल रहे पनि भौतिक सुविधाले खर्च निम्त्याउन सक्छ। रमाइलो क्षणमा पनि मन उदास रहनेछ। केही अप्ठ्यारा परिस्थिति आउनाले सोचेको लाभ नमिल्न सक्छ। आफन्तसँग जोगिएर काम लिनुपर्ला। निम्तो प्राप्त भए पनि आतिथ्य खर्चिलो बन्नेछ। वादविवादले यात्राका क्रममा समस्या निम्त्याउन सक्छ।

### कुम्भ

सहयोगीहरू पछि हट्नाले काममा केही समस्या पर्नेछ। वैधानिक प्रावधानले अप्ठ्यारो पार्नेछ भने अधिकार सुरक्षा गर्न जुट्नुपर्नेछ। व्याहारिक कामले पनि लक्ष्यमा पुग्न समय लाग्नेछ। प्रयत्न गर्दा रोकिएका काम सम्पादन हुनेछन् भने मिहिनेतले विशेष जिम्मेवारी दिलाउनेछ। भौतिक साधन जुट्नाले साहसी काम गरेर लाभ उठाउन सकिनेछ। प्रतिपक्षीसमेत सहयोगी बन्नेछन्।

### मीन

अवसर आए पनि नयाँ काममा हातहाल्नुअघि विचार पुर्याउनुहोला। लगनशीलताले अप्ठ्यारा परिस्थितिलाई समेत सहज बनाउन सकिनेछ। रकम तथा भौतिक साधन जुट्नाले दिन उत्साहजनक रहनेछ। शत्रुभाव राख्नेहरू स्वयं कमजोर हुनेछन्। बुद्धिको उपयोगले अधिकार र प्रतिष्ठा जोगाउन सफल भइनेछ। दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ। लामो यात्राको प्रक्रिया अघि बढ्नेछ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Nomenclature = शब्दार्थ Latin is useful in defining medical nomenclature (औषधि विज्ञानको शब्दार्थको परिभाषा गर्न लेटिन निकै उपयोगी हुन्छ )

Ostracize = निषेध गर्नु, वहिष्कार गर्नु As soon as her crime became public, all her friends ostracized her (तिनको अपराध सार्वजनिक हुनासाथ सबैले तिनलाई वहिष्कार गरे )

Precipitate = शिघ्र सम्पन्न हुनु The withdrawan of US support precipitated the fall of Marcos (अमेरिकी समर्थन हटनुले मार्कोसको पतन हुनु छिटो हुन गयो )

Qualms = असजिलो किसिमको डर Helen is professional, I have no qualms about giving her such assignment (हेलन दक्ष भएको हुँदा यो काम उनलाई सुम्पन मलाई कुनै असजिलोपन वा डर छैन )

Runic = पुरानो लिपि The inscription of Changu Narayan is written in runic script (चाँगु नारायणको शिलालेख पुरानो लिपिमा लेखिएको छ )

Stolid = कुनै इच्छा नदेखाउने प्रवृत्ति He shows his feeling in a stolid manner (ऊ आफूलाई लागेको कुरा स्पस्ट राख्ने इच्छा देखाउँदैन)

Unseemly = अपरिपक्व, कमजोरीपूर्ण For his unseemly conduct, everyone criticized her (उनको अपरिपक्व ब्यवहारले गर्दा सबैले उसको आलोचना गरे )

Vulnerable = सजिलै शोषित हुने, नाजुक वा दुखित हुने The condition of women in third world country is vulnerable (तेस्रो विश्वका देशहरूमा महिलाहरूको स्थिति ज्यादै नाजुक छ )

Writhe = स्प्रिङ जस्तो घुमेको, दुखाइले छटपटाउनु The patient was writhing on his bed (रोगी दुखाइले गर्दा ओछ्यानमा छटपटाइरहेको थियो )

Apathy = कुनै कुराप्रति मतलव वा चाख नराख्ने प्रवृत्ति People in least developed countries tend to show apathy towards democracy because it has failed to furnish their basic needs (कम विकसित देशका जनता प्रजातन्त्रप्रति मतलव राख्ने गर्दैनन किनकि प्रजातन्त्रले उनीहरूको आधारभूत आवश्यकता पूर्ति गर्न सकेको छैन )

## नेता हुनु यस्तो पो



नेपाली राजनीतिमा अहिले जनताको भावना र मर्म बुझ्ने एकदमैं कम नेताहरु मात्रैं छन । जनताले ठूलो आशा र भरोसा गरेर जिताएका नेताहरु अहिले विदेश भ्रमण देखि लिएर पारिवारिक चङ्गुलमा फस्ने गरेको कुरा कुनै नौंलो होइन । जाजरकोटको राजनीति पनि त्यस्तैं हुन पुगेको छ । सामान्यतया जनताले निर्वाचनको समयमा नेताको प्रकृति र पार्टीको नेतृत्वभन्दा धेरै अरु नैं कुराहरुमा ध्यान दिने गरेका छन् । यदि निर्वाचनको समयमा जनताले अन्य बेलाको जस्तैं स्वतन्त्र भएर सोच्ने हो भने नेपाली राजनीतिमा राम्रा छवी भएका व्यक्तिहरुको आगमन हुने कुरालाई कसैंले नर्कान सक्दैन ।

नेता जसको कुशल नेतृत्वले सर्वसाधारण जनताले दुःख पाउँदैनन । जनताको दुःख र मर्मलाई ध्यानमा राखेर काम गर्छु भन्ने वचन सबैं नेताहरुको हुन्छ तर त्यो कुरालाई कमैंले मात्रैं पुरा गर्न सक्छन । जनतासँग गरेको वाचालाई पुरा गर्न लागिपर्ने नेताहरुमा राजिव विक्रम शाहको नाम अग्रपंतिमा नैं आउँछ । उनले जाजरकोटको छेडागाड नगरपालिका ५, बडावन गाउमा सुविधा सम्पन्न अस्पताल भवन निर्माण गरेका छन । उक्त अस्पताल भवनको निर्माण सरकारी खर्चमा भएको भने होइन । समाजसेवी तथा पूर्व सांसद राजिव विक्रम शाहले ६ करोड ब्यक्तिगत लगानिमा अस्पतालको भवन लगायत भौतिक संरचना निर्माण गरेका हुन् ।

गएको निर्वाचनमा शाह हाल वनमन्त्री रहेका नेकपा नेता शक्ति वहादुर वस्नेतसँग केही मतान्तरले पराजित भएका थिए । मन्त्री भएपछि वस्नेत त्यती धेरैं गृहजिल्ला गएका छैनन, उनको व्यवहारले अहिले जनताहरुमा निराशा छाएको छ । एमालेसँग माओवदी केन्द्रको एकता नभएको भए शाहले सहजैं निर्वाचन जित्ने कुरामा जिल्लावासीको दावी रहेको छ । समाजसेवी तथा पुर्व सांसद शाहले २५ शैंयाको कुमारी ट्रष्ट संस्था मार्फत अस्पताल भवन निर्माण गरेका हुन् । अस्पताल भवनको निर्माण कार्य गत बर्ष शुरु भएको थियो । सामुदायिक अस्पताल संचालन गर्न शाहले बडाबनमा इनडोर, ओपीडी, अप्रेसन, एक्सरे, प्रसुती, ल्याव, फार्मेसी, डाक्टर तथा नर्स क्वाटर, प्रशासन, शैंचालय लगायत सेवा संचालनका लागि दर्जन भवन बनाएका छन् । शाहले हालैं अस्पतालको अनुगमन गरेर फर्किएका छन । जनबोलीसँग कुरा गर्दै शाहले भने, 'आउँदो नयाँ वर्ष अर्थात बैशाख महिनादेखि अस्पताल पुर्ण रुपमा संचालनमा आउँछ । भौतिक निर्माणको धेरैं काम लगभव सकिएको छ, अब अन्य केही काम बाँकी रहेको छ, जुन चाडैं सम्पन्न हुन्छ ।' निर्वाचनको पूर्वसन्ध्यामा मास' रक्सी र पैशामा विक्रि हुने मतदाता भएके कारण राजिवले चुनावमा हार ब्यहोर्नु परेको हो । यस्ता जनता रहुञ्जेल यो देश विश्वकै कंगाल र भ्रष्ट राष्ट्रको सूचीबाट कहिले माथि उक्लन सक्तैन । सलाम राजिवलाई ।

## सुडोकु-अंक १२७

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | | ३ | | ८ | | |
| ५ | ६ | | | ८ | | | २ | ३ |
| | | | ५ | | २ | | | |
| | २ | | | | | | ७ | |
| | | | ६ | | ९ | | | |
| | ४ | | | | | | ६ | |
| | | | ७ | | ५ | | | |
| ६ | ८ | | | ९ | | | ४ | ५ |
| | | ४ | | २ | | ९ | | |

## अंक १२६ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | ७ | ३ | ९ | ८ | ५ | २ | १ | ६ |
| २ | ८ | ५ | ३ | १ | ६ | ९ | ७ | ४ |
| १ | ९ | ६ | ७ | ४ | २ | ५ | ८ | ३ |
| ५ | १ | ४ | ८ | ९ | ३ | ६ | २ | ७ |
| ६ | ३ | ७ | २ | ५ | १ | ४ | ९ | ८ |
| ८ | २ | ९ | ४ | ६ | ७ | ३ | ५ | १ |
| ७ | ५ | २ | ६ | ३ | ८ | १ | ४ | ९ |
| ३ | ४ | १ | ५ | ७ | ९ | ८ | ६ | २ |
| ९ | ६ | ८ | १ | २ | ४ | ७ | ३ | ५ |

## "हिमालय रोडिज" को उपाधि आयुषलाई

'हिमालय रोडिज सिजन २'को उपाधि आयुष श्रेष्ठले जितेका छन् । हात्तिवन सामुदायिक जंगलमा यसको फाइनल आयोजना गरिएको छ । फाइनलमा आयुस श्रेष्ठ, पिरबिर घले र तेजस बस्नेतले प्रतिस्पर्धा गरेका थिए । आयुषले बुटवल अडिसनबाट प्रतिस्पर्धा जनाएका थिए । उनी जर्नी राउन्डमा छानिएका १३ जनालाई पछि पार्दै उपाधि चुम्न सफल भएका हुन् ।

उनले उपाधिसँगै १० लाख ९० हजार नगद, २५० सिसीको यामाह एफ जेड बाइक प्राप्त गरेका छन् । विजेताले २० लाख नगद जित्न सक्थेँ । तर, जर्नी राउन्डमा खेलाइएका खेलहरुबाट उनले १० लाख ९० हजार जित्न सफल भएका हुन् । हिमालय रोडिजमा प्रतिस्पर्धीहरुको शारीरिक, मानसिक र बौद्दिक क्षमता मात्र नभएर उनीहरुको सामाजिक व्यवहारको पनि मुल्यांकन भएको थियो ।

## डी आरका एकसाथ ७ एल्बम बजारमा

गीतकार डी आर उपाध्यायले एकसाथ ७ एल्बम बजारमा ल्याएका छन् । उनको ७ एल्बम तथा १ उपन्यास राष्ट्रकवि माधवप्रसाद घिमिरेले सार्वजनिक गरेका थिए । गीतकार उपाध्यायले घिमिरेलाई सम्मान तथा अभिनन्दन समेत गरेका थिए । उनले व्यक्तिगत रुपमा ५१ हजार सहित दोसल्ला तथा मालाले घिमिरेको सम्मान गरे । उक्त समारोहमा जखम, माउन्टेन मेलोडी, नसालु नजर, जोहो, अन्तराप, प्रतिनाद र सहेली एल्वम तथा दगाबाज उपन्यास सार्वजनिक गरिएको हो । सार्वजनिक एल्वममा बुलु मुकारुंग, सन्तोष श्रेष्ठ र सागर अधिकारीले संगीत गरेका छन् । एल्वममा एक दर्जन बढी गायक गायिकाहरुले स्वर भरेका छन् । 'प्रतिनाद सांगीतिक साँझ' नाम दिईएको उक्त विमोचन कार्यक्रममा संगीतकार राजु सिंहको अगुवाईमा प्रत्यक्ष बाद्यबादन सहित ११ वटा गीत लाईभ प्रस्तुत गरिएको थियो । ३ वटा म्युजिक भिडियो पनि देखाइएको थियो ।

## "हिट" को ट्याग

प्रेमकी गीत अर्थात अभिनेत्री पूजा शर्मा । 'मधुमास', 'अझैपनि', 'चंखे शंखे पंखे' फिल्म गरेर पनि दर्शकको नजरमा पर्न नसकेकी उनका लागि फिल्म 'प्रेमगीत' सञ्जीवनी बुटी बनेर आएको थियो । अभिनेता प्रदीप खड्कासँग उनको जोडीलाई दर्शकले निकै रुचाए । अझै पनि उनको सुहाएको जोडीको नाम आउँदा प्रदीप पहिलो नम्बरमा आउँछन् ।

'प्रेमगीत' पछि करिअरलाई पछाडि फर्किएर हेर्नुपर्ने अवस्थाको अभिनेत्री पूजाले सामना गर्नु परेको छैन । फिल्म 'म यस्तो गीत गाउँछु' पनि सुपरहिट भएपछि उनलाई नचिन्ने शहरिया युवापुस्ता अब सायदै होलान् । नयाँ फिल्म 'रामकहानी' पनि उनको करिअरमा एउटा मजबुत इट्टा साबित भयो । अहिले उनको नाममा नै दर्शकलाई हलसम्म डोर्याउन सक्ने तागत छ ।

चाँडै निर्देशक सुदर्शन थापाको नयाँ प्रोजेक्ट 'सम्हालिन्छ कहिले मन' मा काम गर्ने तयारीमा रहेकी उनले आफूले आफैंलाई हिट हिरोइनको ट्याग दिएकी छन् । यो आफैंमा अनौठो लाग्ने कुरा हो । विश्वमा कुनै कलाकार छैनन् होला, जसले आफूले आफूलाई हिटको ट्याग दिएका हुन् । चाहे विश्व प्रख्यात सुपरस्टार नै किन नहुन् । तर, पूजा आफूलाई हिट हिरोइन भन्न रुचाउँछिन् ।

हालै एक युट्युब च्यानलमा अभिनेत्री शिल्पा पोखरेलसँग संयुक्त अन्तर्वार्ता दिँदै उनले आफू स्वयंलाई 'हिट' बताएकी हुन् । सञ्चालिकाले शिल्पालाई प्रश्न गरिन्, 'पूजाको 'प्रेमगीत' राम्रो चलेपछि मभन्दा उसको राम्रो भयो भनेर इगो पलाएन ? तर, उत्तर शिल्पाभन्दा अगाडि पूजाले फर्काइन् । उनले भनिन्, 'ऊ त मभन्दा अगाडि नै हिट थियो । म त पछि 'हिट' भएको हुँ ।'

'म त पछि हिट भएको हुँ' भन्ने उनको जवाफ आफैंमा राम्रो सुनिन्न । हिट आफूले आफूलाई भन्ने कि दर्शक र मिडियाले ? पूजा अहिलेकी 'हिट' अभिनेत्री नै हुन् तर यो कुरा उनी आफैंले आफूलाई भन्नु पाच्य नहुन सक्छ । हुनत, उनी आफ्नै अभिव्यक्तिका कारण विवादमा फसिरहने अभिनेत्री हुन् । उनको अभिव्यक्तिमा अझै परिपक्वता होइन, बचपना देखिन्छ ।

## "प्रेमगीत २" अश्लेषालाई गालीको वर्षा

हलमा फ्लप भएका फिल्म अचेल युट्युबमा सुपरहिट हुने गरेका छन् । 'डायरी', 'ग्यांगस्टार ब्लूज', 'धनपति' लगायतका बक्सअफिसमा असफल फिल्मले युट्युबमा लाखौं भ्यूअर्स कमाए । ६ महिनामा युट्युबमा आउने फिल्म हेर्न किन पैसा तिरेर हल जाने सोचाईले अहिले हलको व्यापार खस्किँदै गइरहेको छ भने युट्युबमा भिजिटरको ओहिरो लाग्न थालेको छ ।

पैसाको लोभमा कति निर्माताले त हलमा रिलिजको तीन सातामा नै युट्युबमा फिल्म रिलिज गर्ने गरेका छन् । यसले हलको व्यापारमा दिर्घकालिन असर गर्ने देखिन्छ । तर, यो विषयमा न सरोकारवालाको ध्यान जान सकेको छ न त स्वंम निर्माताको नै । यही अवस्था रहे भोली हलमा नभई युट्युबका लागि फिल्म बनाउनु पर्ने अवस्था सृजना नहोला भन्न सकिन्न ।

अहिले २ वर्ष अगाडि प्रदर्शनमा आएको अभिनेता प्रदीप खड्का स्टारर फिल्म 'प्रेमगीत' को सिक्वेल 'प्रेमगीत २' ले नेपालको युट्युब ट्रेन्डिङको पहिलो स्थान कब्जा गरेको छ । युट्युब रिलिजको दुई दिन पनि पूरा नहुँदै फिल्ममाथि २३ लाख बढीको नजर परिसकेको छ । उक्त फिल्मको आक्रामक भ्यूअर्सले अहिले निर्माण टिम दंग देखिएको छ । तर, अभिनेत्री अश्लेषा ठकुरीलाई भने नेगेटिभ कमेन्टले तनाव दिएको छ । अभिनेता प्रदीपको अभिनयको मुक्तकण्ठले प्रशंसा गरेका छन् । फिल्मलाई 'झुर' भन्नेको संख्या पनि केही छ । फिल्मलाई प्राप्त नेगेटिभ कमेन्ट बढी अभिनेत्री अश्लेषाका लागि छ । धेरैले अभिनेत्री मन नपरेको प्रतिक्रिया जनाएका छन् । अभिषेश चापागाइँले कमेन्टमा लेखेका छन्, 'हरे प्रभु ! हिरोइन हेर्दा झण्डै मरेको ।' तपश्या खातीले हिरोइनको अभिनय हेरेर टाउको दुखेको बताएकी छिन् ।

*(अनलाइनहरुबाट)*

## Put बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Put on = माथि राख्नु Put the books on the table ! किताबहरुलाई टेवल माथि राख !

Put on = पुऱ्याउनु The Americans put a man on the moon already in 1969 अमेरिकनहरुले सन १९६९ मा नै मानिसलाई चन्द्रमा पुऱ्याए ।

Put on = लगाउनु Put a new lock on the front door अगाडिको ढोकामा नयाँ ताल्चा लगाउ ।

Put in = मा राख्नु I do not put suger in my tea म मेरो चियामा चिनी राख्दिन ।

Put in = गोल गर्नु Despite several attempts the players of Milano could not put the ball in the net धेरै प्रयासको बाबजुद पनि मिलानोका खेलाडीहरुले गोल गर्न सकेनन् ।

Put in = हुनु The news of accident of his friend put him in bad mood साथीको दुघर्टनामा परेको खबरले उसको मुड खराब भयो ।

Put up = माथि झुण्डाउनु, You have put the picture too high up तिमीले तस्विरलाई धेरै माथि झुण्डायौ ।

Put to = सुताउनु It is time to put the baby to bed बच्चालाई सुताउने बेला भैसक्यो ।

Put to = गर्नु Before putting your signature to this document read throroughly हस्ताक्षर गर्नुअघि यो दस्तावेज पुरै पढ

Put between = बीचमा राख्नु Put this table between two beds दुई खाटको बीचमा यो टेवल राख

# शैक्षिक गतिविधिमा बाल विकास समाज













# समुदाय परिचयात्मक कार्यक्रम

बाल विकास समाजले विगतदेखि नै स्वरोजगार शिक्षा कार्यक्रममार्फत निरक्षर महिला दिदीवहिनीहरुलाई साक्षर बनाइ आत्म निर्भरताको बाटो देखाउदै आइरहेको छ। संस्थाले विगतमा जर्मनीको सहयोगमा यो कार्यक्रममार्फत धेरै महिला दिदीवहिनीहरुलाई आत्म निर्भर बनाइसकेको छ। विभिन्न १४ वटा जिल्लाहरुमा यो कार्यक्रमम सञ्चालन गरिसकेको छ। यसैगरी अहिले पनि काभ्रे जिल्लामा यो कार्यक्रम सञ्चालन भइरहेको छ। पाँचखाल नगरपालिकासँगको समन्वय तथा Friends of Nepal Adelaied Inc. (FONAI), Australia को आर्थिक सहयोगमा काभ्रे जिल्लाको पाँचखाल नगरपालिकाको वडा नं.१२ तिनघरे र जर्रेटारमा संचालन भएको स्वरोजगार शिक्षा कक्षाको बारेमा संसथाले जानकारी सहित समुदाय परिचयात्मक कार्यकम सम्पन्न गरियो। कार्यकम पाचखाल नगरपालिकाको तिनघरेमा रहेको महिला भवनमा गरिएको थियो। कार्यकममा पाँचखाल नगरपालिकाका शाखा अधिकृत रोशन पुनको विशेष आतिथ्यता रहेको थियो। कार्यकममा विदेशी पाहुनाहरुको समेत सहभागिता रहेको थियो। प्रतिनिधी मार्गरेटले प्रमुख अतिथीको भुमिका निर्वाह गर्नुभएको थियो। कार्यक्रममा विद्यालयका शिक्षक, वडा कार्यालयका वडा अध्यक्ष, बालक्लबका प्रतिनिधीहरुका साथै अन्य महिला तथा अभिभावकहरुलाई सहभागिता रहेको थियो। कार्यकम संचालन सहजकर्ता कमला दनुवारले गर्नभएको थियो।

कार्यकममा पाहुनाहरुलाई फुलमाला लगाई स्वागत गरिएको थियो। संस्थाको बारेमा र स्वागत मन्तव्य बाल विकास समाजका कार्यकारी निर्देशक कृष्णप्रसाद सुवेदीले गर्नुभयो। कार्यकमको विस्तृत जानकारी बाल विकास समाजका कार्यकम सुपरिवेक्षक दिपेन्द्र पराजुलीले दिनुभएको थियो। कार्यकममा विद्यालयका प्रतिनिधीका रुपमा गंगादेवी प्रा.वि र जनभावना प्रा.वि का प्रअले विद्यालयको अवस्था र बाल विकास समाजको कार्यकम अति नै प्रभावकारी रहेको र यो कार्यकमको कारणले वर्षेनी बसाइ सरेर भटट्ामा जाने परिवार हाल गाउँमा नै बसेर आफना छोराछोरीलाई सफा गरी विद्यालय पठाउने र बेला बेलामा विद्यालयमा आइ आफ्ना बालबालिकाहरुको पढाइको बारेमा जानकारी लिने गरेकोमा आफुहरु धेरै खुशी भएको कुरा व्यक्त गर्नुभएको थियो।

पाचँखाल नगरपालिकाका अधिकृत रोशन पुनले कार्यकम एकदमै प्रभावकारी भएको र आगामी दिनहरुमा पाँचखालका अन्य वडाहरुमा पनि संचालन गर्न पाएमा अति नै राम्रो हुन कुरा व्यक्त गर्नुभयो। साथमा वडाका जनप्रतिनिधी वडा अध्यक्ष गोपाल बहादुर दनुवारले कार्यकमले यो समुदायका मानिसहरुको दैनिक व्यवहारमा परिवर्तन भएको कुरा जानकारी गराउनु भएको थियो। वडा अध्यक्षले कार्यक्रमले महिला दिदीवहिनीहरुको दैनिक व्यवहारमामा सकरात्मक परिवर्तन ल्याउनुका साथै उनीहरुलाई आत्मनिर्भर हुनका लागि प्रेरित गरेको छ भन्नुभयो। कार्यकममा विदेसी पाहुनाले पनि आफनो भनाइ राखेका थिए। बाल विकास समाजले कार्यक्रममा सहभागी भएर महिला दिदीवहिनीहरुसँग अन्तरक्रिया गर्ने अवसर दिएकोमा संस्थाप्रति आभार प्रकट गरेका थिए। उहाँहरुले कार्यकम र समुदायको मानिसहरुको व्यवहारमा आएको परिवर्तन राम्रो लागेको बताएका थिए। यसैगरी महिला स्वरोजगार शिक्षा कार्यकम अति नै प्रभावकारी भएको र आगामी दिनहरुमा थप अन्य वडाहरुमा कार्यकम विस्तार गर्न बाल विकास समाजलाई समुदायका मानिसहरुले आग्रह गरेका थिए।

**संवाददाता : गोविन्द वि.क.**

## महासंघद्वारा...

गरेको हो । विज्ञप्तिमा भनिएको छ- प्रहरीले पटक पटक कार्यक्षेत्रभन्दा बाहिर गएर पत्रकारलाई पक्राउ गर्नु र मुद्दा चलाउनु प्रेस स्वतन्त्रतामाथिको आक्रमण हो । सञ्चारमाध्यममा प्रकाशित/प्रसारित सामग्रीबारे छानबिन र कारबाही गर्ने अधिकार प्रेस काउन्सिललाई मात्र छ ।'

## ठूलो...

यस्तै, मन्त्रालयले अधिकृतस्तरका ३७ जना र उपसचिवस्तरका २४ जना कर्मचारीलाई पनि सरुवा गरेको छ । स्थानीय तहका वडामा ठूलो संख्यामा कर्मचारी अभाव छ । वडा तथा स्थानीय तहमा खरिदार र सुब्बा पठाइएको मन्त्रालयको कर्मचारी प्रशासन महाशाखाले जानकारी दिएको छ ।

सरकारले कर्मचारी समायोजन प्रक्रिया थाल्न नसक्दा कर्मचारीहरू स्थानीय तह र प्रदेशमा जान मानिरहेका छैनन् । सामान्य प्रशासन मन्त्रालयका अनुसार केन्द्रका विभिन्न निकायमा कार्यरत १११ जना नायब सुब्बा र खरिदारलाई स्थानीय तहमा सरुवा गरिएको छ । राजनीतिक आस्थाका आधारमा कर्मचारीको फेरबदल गरिएको स्रोतको दाबी छ ।

## नेपालमा...

मिसन र युरोपेली लगायत पश्चिमा क्रिश्चियन शक्ति राष्ट्रहरुले नेपालका राजनीतिक दलका नेताहरुलाई आर्थिक प्रभावमा लिएर नेपालको हिन्दु राष्ट्रको पहिचान नामेट गर्न सफल भए । द्वन्द्वरत माओवादीहरुले धर्मनिरपेक्ष राज्यको माग उठाएका थिए । उनीहरु शान्ति प्रक्रियामा आउनु अगावै राजाद्वारा असंवैधाघनिक रुपले पुनर्स्थापित प्रतिनिधिसभाले नेपाललाई धर्मनिरपेक्ष राज्य घोषणा गऱ्यो । धर्मनिरपेक्ष राष्ट्र घोषणा गराउन तत्कालीन सभामुख सुवासचन्द्र नेम्बाङले विशेष भूमिका खेलेका थिए । त्यसबेला भारतमा मनमोहन सिंहलाई प्रधानमन्त्री बनाएर क्रिश्चियन सोनिया गान्धीले शासन गरिरहेकी थिइन् । नेपाललाई धर्मनिरपेक्ष राष्ट्र बनाउन उनले चर्को दबाब दिएकी थिइन् ।

कम्युनिस्टहरु धर्मलाई अफिमको संज्ञा दिन्छन् । तर नेपाल कम्युनिस्ट पार्टीको वर्तमान सरकार क्रिश्चियनहरुको महाकुम्भ भेला नेपालमा गराइरहेको छ । एसिया प्यासिफिक समिट भारतमा गर्ने तयारी युपिएफले गरेको थियो । तर त्यहाँ अनुमति नदिएपछि भाजपा नेतृत्वको भारत सरकारलाई समेत चक्मा दिँदै काठमाडौंमा सम्मेलनको आयोजना गरिएको हो । सम्मेलनमा भाजपालाई समेत निमन्त्रणा दिइएको प्रचार गरिएको छ । हिन्दुहरुको अस्तित्व नै संकटमा पार्न सरकार स्वयं लागि पर्नुले क्रिश्चियनहरुको मनोबल अवश्य बढेको हुनुपर्छ ।

एसिया प्यासिफिक समिटलाई सफलतापूर्वक सम्पन्न गर्न नेपाल सरकारले जसरी सरकारी जनशक्ति र सवारी साधनको दुरुपयोग गरिरहेको छ, त्यसले सरकारको क्रिश्चियन धर्म मोहलाई छताछुल्ल पारेको छ । यसले नेपाल भारतबीच कूटनीतिक दरार बढ्नेतर्फ समेत विश्लेषकहरुले नजरअन्दाज गर्न सकिरहेका छैनन् । भारतमा कट्टरपन्थी हिन्दु नेता नरेन्द्र मोदी कार्यकारी प्रमुख छन् ।

सत्तारुढ भारतीय जनता पार्टीले आगामी भारतीय लोकसभा निर्वाचनलाई मध्यनजर गर्दै चुनावी मुहिम छेडिरहेको छ । फेरि अयोध्या विवादबारे बहस पैरवी भइरहेको छ । २६ गते विवाह पञ्चमीमा रामका जन्ती बनेर भारतीय रेलमन्त्री र युपीका मुख्यमन्त्री योगी आदित्यनाथ जनकपुर आउँदैछन् । भारतीय सञ्चार माध्यमका विभिन्न सर्भेक्षणहरुले आगामी लोकसभामा भाजपा ठूलो दल बन्ने देखाइरहेका छन् ।

भाजपाको राष्ट्रिय स्वयंसेवक संघले नेपाललाई हिन्दु राष्ट्र बनाउन नसकेकोमा प्रधानमन्त्री मोदीको आलोचना गरिरहेको छ । २६ जनवरीमा हिन्दु सम्राटका रुपमा पूर्वराजा ज्ञानेन्द्रलाई भारत सरकारले प्रमुख अतिथि बनाउने चर्चाले घर गरिरहेको छ । यस्तो परिवेशमा नेपाल सरकारले क्रिश्चियनहरुको अन्तर्राष्ट्रिय सम्मेलन गराउनु प्रत्युत्पादक हुने सर्वत्र विश्लेषण गरिएको छ । विश्व हिन्दु महासंघले एक विज्ञप्ति प्रकाशित गर्दै एसिया प्यासिफिक समिटको विरोध गर्दै यसलाई सहयोग नगर्न सरकारको ध्यानाकर्षित गराएको छ ।

## बढ्दो...

आ.व.२०७४।७५ मा भारत र तेस्रो देशहरुबाट १ खर्ब ६ अर्ब ४२ करोड २६ लाख रुपैयाँको प्रमुख कृषिजन्य वस्तु आयात भएको थियो । देशले सामान आयात मात्र गर्ने कतिपय देशहरु द्वन्द्व गरिबी र आर्थिक दलदलको संकटमा फसेका छन् । नाइजेरिया, भेनेजुएला, हैटी, इथोपिया, सियालिओन, इराक, दक्षिण सुडान, यमन लगायत छन् । तर द्वन्द्वमा फसेको सियालोओनबाट नेपालले सस, ट्युब पाइप, पानीपम्प भ्याकुम क्लिनरका सामग्री आयात गर्छ । नेपालले १६५ भन्दा बढी देशसँग व्यापार गरेकोमा १८ वटा देश मात्र निर्यात गरेको पाइन्छ । व्यापारघाटा कम गर्न विलासिताका वस्तुको आयातलाई घटाउन समेत सरकार असमर्थ छ । गैरभन्सार अवरोध व्यवस्थापन गरी लगानी वृद्धि गरेर उत्पादन बढाउन सरकार असफल देखिएको छ ।

## कामचोर...

कार्यालयले कारबाही अघि बढाउने भएको छ । प्रधानमन्त्री केपी ओलीको निर्देशनपछि प्रधानमन्त्री कार्यालयले सबै मन्त्रालयहरुलाई पत्र लेख्दै १५ दिनसम्म नटुंगिएका फाइलको माग गरेको छ ।

प्रधानमन्त्री कार्यालयले लेखेको पत्रमा १५ दिन र सोभन्दा बढी समयदेखि निर्णय हुन नसकेका र नटुंगिएका फाइलको विवरण मागेको छ । प्रधानमन्त्री कार्यालयको निर्देशनले कामचोर कर्मचारीलाई संकटमा पारेको छ । सरकारी निकायको सेवाको गुणस्तर वृद्धि गर्न र कर्मचारीतन्त्रभित्र देखिएको ढिलासुस्ती, घूसखोरी प्रवृत्तिको अन्त्य गराउन प्रधानमन्त्री कार्यालयले सक्रियता देखाएको छ । सरकारको चौतर्फी आलोचना भइरहेको अवस्थामा जनतासँग प्रत्यक्ष सरोकार राख्ने कार्यालयहरु चुस्त, दुरुस्त, गतिशील र जनताप्रति उत्तरदायी बनाउन सकेमा सेवाको गुणस्तर बढ्नुका साथै सरकारमाथिको आलोचनामा समत कमी आउनेछ ।

तेस्रो धार

# दुई सय दिनमा दुई काम

**खगेन्द्र ढकाल**

यही मंसिर ८ गते शनिबारका दिन काठमाडौं महानगरलाई धूलो धूवाँ मुक्त गराउने दाबी गर्दै सहरी सौन्दर्य प्रबर्द्धन कार्यक्रम सुरु गरियो । मेयर विद्यासुन्दर शाक्यले रत्नपार्कमा कार्यक्रमको उद्घाटन गर्दै सहरको सफाइ गर्न महानगरपालिकाको सम्पूर्ण स्रोत साधन उपयोग गर्ने योजना रहेको उद्घोष गरे ।



काठमाडौंमा धूलोले जनजीवन कष्टकर बनाएको र अधिक मात्रामा धूलोजन्य रोगले पीडित भएका समाचार पत्रपत्रिकाको नियमित विषयवस्तु भइरहेको अवस्थामा यस अभियानमा सडकको किनारको नालीमा थुप्रिएको माटो र फोहोरलाई खोस्रिएर उठाएको देखियो । जेट मेसिनले सडक पखाल्दै गरेको दृश्य देख्दा २०४७ सालमा तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले मेलम्चीको पानीले सडक पखाली काठमाडौंलाई सिंगापुर बनाइदिन्छु भनेको कुरा सम्झना दिन्थ्यो । Lonely Planet ले घुम्नैपर्ने विश्वका सहरमा पाँचौं स्थानमा काठमाडौंको नाम उल्लेख गरेबाट पनि यस सहरले विश्वका पर्यटकको ध्यान तानेको भए तापनि सर्वत्र धूलोले ढाकिएको 'धुलोमाण्डु' को उपनामले चिनिन थालेको अवस्थामा यस अभियानले भविष्यमा स्थानीयबासी तथा पर्यटकको समेत मन जित्न सक्ने अनुमान गर्दै रहेको समेत देखिन्थ्यो ।

कार्यक्रममा मेयर शाक्यले विभिन्न स्थानमा ग्रिन आइल्यान्ड बनाउने, नालीको माटो र फोहोर उठाउने र जेट मेसिनले सडक सफा गर्ने काम सोही दिनबाटै सुरु गरिने बताउनु हुँदै आरम्भ भएको उक्त अभियान एकै दिनमा बागबजार मैतीदेवी हुँदै सिनामंगलसम्म पुगेको थियो । सडक सफाइ गर्न आधुनिक ब्रुमर प्रयोग गरिएको थियो । महानगरले थप पाँच इटालियन ब्रुमर खरिद प्रक्रिया अघि बढाइएको बताइएको छ । महानगर वातावरण व्यवस्थापन विभागको निमित्त प्रमुख हरिकुमार श्रेष्ठका अनुसार यस सफाइ अभियान हरेक शनिबार सञ्चालन गरिनेछ । महानगर प्रशासन प्रमुख तथा प्रवक्ता ज्ञानेन्द्र कार्कीले जानकारी दिएअनुसार महानगरपालिकाको यस अभियानमा सडक विभाग, विद्युत प्राधिकरण, नेपाल टेलिकम, काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) र ट्राफिक प्रहरी समेतको संलग्नता रहनेछ । यस कार्यक्रममा सडक सफाइका साथसाथै सडक अतिक्रमण गरी बनाइएका संरचना हटाउने, फुटपाथका अवरोध हटाउने, बिना अनुमति बनाइएका होर्डिङबोर्ड र प्रवेशद्वार लेखिएका गेटहरु समेत डोजरले हटाउँदै गरेको दृश्य देखिएको थियो । सहरको सडक सफाइको यस अभियानमा महानगरपालिकाका सफाघइ गर्ने र सडक विभागका कर्मचारीको उल्लेखनीय संख्यामा उपस्थिति थियो । स्थानीय क्लब तथा संघसंस्थाको शून्य उपस्थिति देखिएको उक्त कार्यक्रममा स्थानीयबासी र स्थानीय संघसंस्थालाई जागरुक एवं संलग्नता नगराएसम्म दिगो रुपमा सहर सफाइ कार्यक्रम सफल नहुने प्रतिक्रिया स्थानीय सामाजिक अभियन्ताहरुबाट सुनिएको थियो । सय दिनमा सय काम सम्पन्न गर्ने भन्दै भोट तानेर मेयरको कुर्सीमा आसिन विद्यासुन्दर शाक्यको सपथ लगत्तै नारायणगोपाल सडकमा देखिएको उत्साह फेरि एकपटक देखिएको छ । उक्त दुई कामहरुलाई नियाल्दै अरु कुरा त जनस्तरबाट महसुस हुने गरी गरेको केही देखिएन । मेयर शाक्यको दुई सय दिनमा दुई काम सम्पन्न पाइयो ।

जनताको मन जित्न सक्ने यस्तो कामको योजना ल्याई सफल कार्यान्वयन गरे गिर्दै गरेको मेयर शाक्यको साख पुनः माथि उठ्नेछ ।

## बन्दनाले...

थिइन् । उनले बुधबार दिउँसो ३ बजेर १५ मिनेटसम्म नाच्दै १२६ घण्टाको वर्ल्ड रेकर्ड बनाएकी हुन् । काठमाडौंको बत्तीसपुतलीस्थित बिग पार्टी प्यालेसमा उनको नृत्य पाँच रात ६ दिनसम्म चलेको थियो । ६ दिनसम्म भोक, प्यास निन्द्रा नभनी लगातार नाचेर बन्दनाले गिनिज बुक अफ वर्ल्डका लागि नयाँ रेकर्ड बनाएकी हुन् । अब केही दिनमै सबै प्रक्रिया पूरा गरेर गिनिज बुक अफ वर्ल्डले बन्दनालाई सबैभन्दा लामो समयसम्म निरन्तर नृत्य गरेर १२६ घण्टा पूरा गरेको प्रमाणपत्र दिनेछ ।

## प्रतिष्ठानको...

डेस्क बेन्च सहयोग र विपन्न बालबालिकाहरुलाई छात्रवृत्ति अन्तर्गत विद्यालय पोशाक, स्टेसनरी, ब्याग र जुत्ताको व्यवस्था आदि रहेका छन । त्यस अवसरमा अध्यक्ष ढकालले आगामी आर्थिक वर्ष प्रतिष्ठानले पहिलो पटक ६ नम्बर प्रदेशको मुगु जिल्ला, २ नम्बर प्रदेशको सप्तरी जिल्ला र ७ नम्बर प्रदेशको कैलाली विभिन्न आयोजना सम्पन्न गर्ने तथा सीमामा काडेतार नामक सिनेमालाई सहयोग गर्ने जस्ता प्रस्तावहरु प्रस्तुत गर्नुभएकोमा बैठकले ती प्रस्तावहरुलाई अनुमोदन गरेको थाहा भएको छ ।

## कलेजमा...

सहभागिता रहेको थियो । उनीहरुलाई बालअधिकारको व्यवहारिक पक्ष के हुन ? यी व्यवहारिक पक्षहरुलाई कसरी सबैमाझ चेतना फैलाउने भन्ने बारेमा विस्तृत छलफल गरिएको थियो । सहभागीमूलक विधिबाट सञ्चालन गरिएको छलफलमा छात्राछात्रहरुले उत्सुकतापूर्वक जिज्ञासा राखेका थिए । अभिमुखीकरणमा सामाजिक सचेतना फैलाउनु हामी सबैको दायित्व भएको हुनाले सोहीअनुसार आफू जिम्मेवार भएर समाजमा प्रस्तुत हुनुपर्ने विषयबारे पनि छलफल गरिएको थियो । अधिकार भनेको राज्यका विरुद्धको दावा भएको हुनाले सबै बालबालिकाहरुले अधिकार प्राप्त गर्न सकुन् भन्ने भावना राख्नुपर्ने कुरा छलफलमा राखिएको थियो । कार्यक्रम पश्चात कलेजका शिक्षकहरुले यो कार्यक्रम प्रभावकारी भएको प्रतिक्रिया दिएका थिए । साथै सहभागीहरुले छलफलबाट व्यवहारिक ज्ञान हासिल भएको कुरा बताएका थिए ।

## मदिरा...

आदेश जारी गरेपछि जथाभावी मदिरा किन्न पाइने छैन । बेलुका ४ बजेदेखि ९ बजेसम्म परिचयपत्र देखाएर बिक्री पुस्तिकामा अभिलेख राखेर मात्र मदिरा किन्न पाइनेछ । होटल, रेस्टुराँहरुले समेत दिउँसै मदिरा बिक्री गर्न पाउने छैनन् । साँझ ५ बजेदेखि १० बजेसम्म मात्र बेच्न पाउनेछन् ।

मदिरा उत्पादनको लागि नयाँ उद्योग खोल्न, शाखा विस्तार गर्न र विज्ञापन गर्न समेत रोक लगाउने भएको छ । धार्मिक, शैक्षिक क्षेत्र नजिक मदिरा उद्योग खोल्न पाइने छैन । सञ्चारमाध्यममा विज्ञापन गर्न र होर्डिङ बोर्ड राख्न समेत बन्द गराइनेछ । गृह मन्त्रालयले जारी गर्न लागेको आदेशले मदिरा उद्यमीहरु मारमा पर्ने गुनासो आइरहेको छ । मदिरा उद्योगमा अर्बौंको लगानी, रोजगारको सिर्जना र राजस्वमा उल्लेख्य योगदान भइरहेकाले उद्योगलाई धराशायी बनाउने गरी आदेश जारी गर्न नहुने तर्क उद्यमीहरुको रहेको छ ।

## अन्तर्राष्ट्रिय...

जोडिएमा छिमेकीसँग मात्र होइन, एकैपटक अन्य एसियाली मुलुक हुँदै युरोपसम्म नेपालको पहुँच पुग्नेछ । अन्तर्राष्ट्रिय रेल सञ्जाल चीनको सेन्जेन तथा सिंगापुरबाट यो क्षेत्र हुँदै टर्कीको इस्तानबुलसम्म जोडिन्छ । नेपाल जस्तो पर्यटकीय गन्तव्य मुलुकका लागि यो सञ्जालले निकै महत्व राख्छ ।

राष्ट्रसंघीय अवधारणामा रहेको ट्रान्स एसियन नेटवर्क २०११ लाई नेपालले अध्ययन गर्न आवश्यक रहेको रेल विभागका अधिकारीहरु बताउँछन् । अन्तर्राष्ट्रिय सञ्जालमा नजोडिने हो भने चीन वा भारतसँग मात्रै जोडिनुको मात्रै खासै अर्थ देखिँदैन । २१ औं शताब्दीको गतिशील एवं समृद्ध मुलुकका रुपमा स्थापित हुन नेपालले रेलमार्ग विकासको अवधारणा विकास गर्न सक्नुपर्छ । सबल यातायात प्रणालीको विकास आजको आवश्यकता हो ।

चीनले सन् २०२२ सम्म नेपाली सीमा नजिकै केरुङसम्म रेल ल्याउने बताएको छ । केरुङ नेपालको रसुवागढी सीमाबाट २३ किलोमिटर माथि रहेको तिब्बती उपत्यका हो । चीनले केरुङ ल्याउन लागेको रेललाई लुम्बिनीसँग जोड्नु दुई वर्षअघि नै पहिलो पटक प्रधानमन्त्री बन्दा केपी ओलीले चिनियाँ प्रधानमन्त्री ली छ्याङलाई औपचारिक आग्रह गरेको र अहिल उनकै परराष्ट्र मन्त्रीले अनुदानमा बनाइदिन आग्रह गरेपछि यसमा सम्भावना बढेको छ । केरुङ काठमाडौं रेलमार्ग सामान्यभन्दा २० गुणा महँगो भए पनि अन्तर्राष्ट्रिय सञ्जालमा चीनले नेपाललाई समेत समेटेर अघि बढ्ने योभन्दा अर्को विकल्प देखेको छैन । हिमाली भूभाग र भूकम्पीय जोखिम क्षेत्र पार गर्दै निकै होचो क्षेत्रमा झर्नुपर्ने भएकाले चिनियाँ रेलले धेरै अप्ठ्यारा सामना गर्नुपर्ने विज्ञहरु बताउँछन् ।

नेपालमा रेलमार्ग निर्माण गर्न छिमेकी चीनले चासो दिएसँगै अर्को छिमेकी भारतले समेत यसलाई प्राथमिकतामा राखेको छ । चीनले केरुङसम्म रेल ल्याउने भएपछि भारतले पनि काठमाडौंसम्म रेल सञ्जालले जोड्न अध्ययन थालेको हो । नेपालको राजनीति र विकासमा चासो राख्ने दुवै छिमेकी अहिले रेलमार्ग जोड्ने दाउमा लागेका छन् । भारतले नेपालको राजधानी काठमाडौंसम्म रेल जोड्ने भन्दै बजेट नै छुट्याएर काम गरिरहेको छ ।

भारतको बरहनीबाट काठमाडौं जोड्ने ३ सय ५९ किलोमिटर अध्ययनका लागिढ बजेट छुटयाएको छ । भारतले वीरगन्ज काठमाडौ रेल जोड्ने प्रतिबद्धता पनि जनाइसकेको छ । अहिले नेपालमा जम्मा आठ सय मिटर रेल चल्छ । त्यो पनि भारतबाट आउने मालवाहक रेल हो ।

निर्माणाधीन बर्दिबास-जनकपुर र जयनगर रेलमार्ग निर्माण लगभग सकिएको अवस्था छ । यसको उद्घाटनका लागि भारतीय रेलमन्त्री र उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथ मंसिर २६ गते जनकपुर आउँदै छन् । ७० किलोमिटर लामो यो रेलमार्ग सञ्चालनमा आउने बित्तिकै नेपालमा आधुनिक रेल सञ्चालन हुनेछ । यो विद्युतीय रेलमार्ग हो । यसमा डिजेल इन्जिनको रेल पनि चलाउन सकिन्छ । तर प्राथमिकता विद्युतीय रेलको हो ।

सरकारले अहिले मेची महाकाली विद्युतीय रेलको काम गरिरहेको छ । यसको डीपीआर अन्तिम चरणमा पुगेको बताइन्छ । विश्व नेटवर्कमा जोड्न पूर्व पश्चिम रेलमार्ग निकै महत्वपूर्ण हुने र यसका लागि भारत, चीन र अन्य इच्छुक मुलुक कोरियालाई निर्माण गर्न दिँदै थोरै भाग नेपालले नै निर्माण गर्न उपयुक्त हुने देखिन्छ । यसका अतिरिक्त भारतले ६ वटा क्रस बोर्डर रेलमार्ग विस्तार गरिरहेको छ ।

नेपालमा सन् १९३७ मै रेलमार्ग सञ्चालनमा आएको हो । तत्कालीन इस्ट इन्डिया कम्पनीले त्यसको स्थापना गरिदिएको थियो । ५०-५१ किलोमिटर रेल विजलपुराबाट जयनगरसम्म चल्थ्यो । त्यस्तै अमलेखगन्ज रक्सौलमा पनि रेल थियो । झुम्का-धरान-बराहक्षेत्रमा पनि रेल कुदथ्यो । सन् २००१ को बाढीले जनकपुर-बिजुलपुर क्षेत्र डुबायो जसले गर्दा त्यो रेल जनकपुर-जयनगरमा सीमित भयो । अन्य रेलमार्ग त्यसअघि नै बन्द भइसकेका थिए ।

पूर्व पश्चिम रेलमार्ग ९ सय ४५ किलोमिटरको सम्भाव्यता देखिएको छ । यो रेलमार्ग ट्रान्स एसियन रेलमार्गको रेखांकनमा पर्छ । यसको सम्भाव्यता अध्ययन पूरा भइ बर्दिबास, सिमरा लुम्बिनी खण्डको विस्तृत योजना प्रतिवेदन (डीपीआर) तयार भइसकेको छ । नेपाल यातायातमा एसियन हाइवेसँग जोडिनुपर्छ । अनि मात्र समृद्धिको आधार तयार हुन्छ ।

# एचआईभी एड्स कसरी सर्छ ?

**- सुरेस खतिवडा**



**विन्डो पिरियड** : एच.आई.भि. र एड्स बाँधिएको रातो रिबन सजिएको ब्यानर देख्ने बित्तिकै त्यो समय हप्ता भरमै दुई पटकसम्म अर्कैले लिन पठाएको भन्दै लजाउँदै आकस्मिक गर्ब निरोधको चक्की लिन आउने एक बहिनीलाई सम्झँदै अर्जुनजी लामो स्वास फेर्दै भन्छन् 'जति कार्यक्रम र सचेतनामुलक कार्य गर्ने संस्थाहरु सक्रिय रहे पनि असुरक्षित यौन क्रियाकलापमा संलग्नहरुलाई यो साइलेन्ट किलर एड्सबारे पटक्कै डर र चेतना रहेको देखिन्न' अर्जुनलाई थाहा छ ती बहिनी यौनकर्मी हुन् भने आफूले चिनकै दाईको रेस्टुरेन्टमा एक समय काम पनि गर्थिन् । कुनै बाध्यता या लहलहैमा फसेकी रे भन्ने पनि सुनेका थिएँ, त्यो चक्की पनि उनले नै प्रयोग गर्न लागेको अनुमान सजिलै लगाउन सक्दथे तर सिधै उनीलाई तिमी यसो नगर यौन सम्पर्कमा कन्डम प्रयोग गर भन्ने अधिकार थिएन अर्जुनसँग । उनले सहयोगी संस्थाका दिदीहरुलाई पनि जानकारी गराए र त्यहाँ पठाए पनि तर उनी उनको फार्मेसीमा आउने क्रम रोकिएन । यो त एक सचेत व्यक्तिले ध्यान दिएको एउटा आफूलाई लागेको प्रतिनिधिमुलक पात्र अनि घटनाक्रम मात्र हो ।

यसरी असुरक्षित सम्पर्कको जालोमा पर्ने र यो भयावह रोगको भाइरस सार्ने दुवै लिङगका जमात ठूलै छ । पुरुष रमाइलो नहुने तर्क गर्दै सुरक्षित

**सन्दर्भ : विश्व एड्स दिवस**

साधन प्रयोग नगरी असुरक्षित रहन्छ भने महिला उसैको आग्रहमा आफूसँग मात्र सम्पर्कमा आएको भन्ने विश्वासमा । जे होस एच.आई.भि. भाइरसको प्रसारित हुने प्रमुख माध्यम असुरक्षित यौन सम्पर्क नै हो । यही भाइरस प्रमुख रुपमा यौन सम्पर्कबाट संक्रमित व्यक्तिबाट अर्कोमा, अन्जानमा संक्रमितको रगत स्वस्थ व्यक्तिमा ट्रान्सफ्युजन भएमा, सुईका माध्यमबाट लागु औषध प्रयोग गर्नेहरुबीच, संक्रमित आमाबुबाले बच्चा जन्माएमा नयाँ जन्मिने बच्चामा सर्ने गर्दछ ।

यही एचआईभी भाइरसले स्वस्थ व्यक्तिको रगतमा संचार हुँदै शरीरको रोगसँग लड्ने प्रणालीमा असर गर्दछ जस कारण सामान्य रोगहरुले आक्रमण गर्दा पनि मानिसमा जटिल समस्याहरु देखा पर्दछ । यही विभिन्न जटिल रोगहरुको अवस्था सृजना हुनु नै एड्स हो जहाँ एच.आई.भी. भाइरसले सेता रक्तकोषका रोग प्रतिरोधात्मक कोषहरुलाई नस्ट गरिसकेको हुन्छ । विभिन्न रोगहरु लाग्ने तथा जटिलता पैदा गर्ने गर्दछ । भाइरस शरीरमा प्रवेश गरेको पहिलो तीन महिना यस्तो झ्याली अवस्था हो जसमा रोग सार्न सक्ने क्षमता रहन्छ तर रगत परीक्षणमा देखिन्न । यो एड्स लागेको व्यक्ति वा एच.आई.भी संक्रमितसँगसँगै बस्दा, हात मिलाउँदा, एउटै ओछ्यान प्रयोग गर्दैमा र खोक्दा, हाच्छ्यौं गर्दा सर्दैन । यही भाइरसको कारण देखिने जटिलताबाट ज्यान गुमाउनेहरुको आत्मालाई चिरशान्तिको कामना गर्दै संसारभर दीप प्रज्ज्वलन गर्ने, बाँधिएको रातो रिबिनसहितका विभिन्न सचेतनामूलक ब्यानरहरुसहित यो विश्व एड्स दिवस डिसेम्वर १ मा मनाउने गरिन्छ ।

## कोटेश्वर-भक्तपुर सुरुङमार्ग बन्ने

काठमाडौं । कोटेश्वर क्षेत्रमा बढ्दो सवारी जाम हटाउन सुरुङमार्ग बनाउन जापान सरकार तयार भएको छ । कोटेश्वरबाट भक्तपुरको सूर्यविनायकसम्म सुरुङमार्ग बनाउन जापान तयार भएपछि सम्झौताको तयारी गरिएको छ ।

परराष्ट्र मन्त्री प्रदीप ज्ञवालीको भ्रमणका क्रममा जापान सरकारले यो सुरुङमार्ग बनाउने अनौपचारिक सहमति गरेको हो । कोटेश्वर सुरुङमार्ग र सूर्यबिनायक-धुलिखेल ६ लेनको सडक निर्माणका लागि चाँडै हस्ताक्षर हुने भएको छ । नेपालस्थित सडक विभागको वैदेशिक सहायता महाशाखामा भएको बैठकमा जापानी प्रतिनिधिहरुले कोटेश्वर-भक्तपुर सुरूङ मार्ग बनाउन अध्ययन थाल्ने बताएका थिए ।